नेपालको पहिलो बौद्ध मासिक

# आनन्द भूमि

२०६५ होलिपुन्ही- फागुण पूर्णिमा वर्ष ३६ अंक ११
बु.सं. २५५२ ने.सं. ११२९ चिल्लाथ्व/चिल्लागाः

**The Ananda Bhoomi (Year 36, Vol. 11**
**A Buddhist Monthly :Mar/Apr 2009**

*Chief Adviser*
Ven. Kumar Kashayap Mahathero (Abbot Of A.K.V.)
Ven. Maitri Mahathero(Chairman Of A.K.V.T.)
*Adviser*
Ven. Dharmamurti (Secretery Of A.K.V.T.)
*Manager*
Ven.Saranankar
*Asst. Manager*
Milan Shrestha, Juju Bhai Tuladhar, Sangharatna Shakya
*Cover Design*
Phal Saman Shakya
*Finance & Distributor*
*Ven.Piyadassi*
*Accountant*
*Ven. Pragyaratna, Suresh Maharjan*
*Sub. Editor*
Ven. Janak
*Editor & Coordinator*
*Ven. Kondanya*
*Distributors*
Buddha Jayanti Celebration Commitee(Shreegha), Ven. Bodhijnana, Ven. Padum, Ven. Chandimo, Rev. Jawan, Nun Indrawati, Mrs. Satyana Shakya, Ms. Bina Kanshakar, Ms. Sakuntala Pradhan, Mrs. Kesari Vajracharya, Shakya Watch shop-Banepa, Suvarna Muni Shakya (Bhairahawa), Naresh Vajracharya, Viddhya Devi Shakya (Butwal), Yam Shakya (Beni), Sarju Vajracharya (Palpa), Uttam Man Buddhacharya (Pokhara), Krishna Prasad Shakya (Baglung), Vijay Gurung (Lamjung), Shekhar Shakya (Narayangadh)
*Press*
*Suprawaha Prakashan PVT. LTD. 4280614, 4273983*
*Publisher*
Ananda Kuti Vihar Trust
Ananda Kuti Vihar, Swoyambhu 4271420

## बुद्धवचनामृत



यस्स पुरे च पच्छा च-मज्झे च नत्थि किञ्चनं ।
अकिञ्चनं अनादानं-तम□हं ब्रूमि ब्राह्मणं ।।

जसको भूत भविष्य तथा वर्तमान्को बारे केही पनि इच्छा छैन, परिग्रहरहित □म, मेरो□ भन्ने नहुने व्यक्तिलाई म ब्राह्मण भन्दछु ।

धम्मपद-४२१

चुतिं यो वेदि सत्तानं-उपपत्तिञ्च सब्बसो ।
असत्तं सुगतं बुद्धं-तम□हं ब्रूमि ब्राह्मणं ।।

प्राणीहरूको उत्पत्ति र मृत्युको कारण जान्ने, आसक्तिरहित सुगति प्राप्त भै बोध भैसकेको व्यक्तिलाई म ब्राह्मण भन्दछु ।

सम्पर्क कार्यालय
आनन्द भूमि
आनन्द कुटी विहार गुठी, पो.ब.नं. ३००७, काठमाडौं ।
फोन: ४२७१४२०
E-mail : anandakutivihar@ntc.net.np

वार्षिक रु १५०/- एकप्रति रु १५/- वार्षिक ग्राहक बनी सहयोग गरौं

गताङ्कमा प्रकाशित

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दैजानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel . 4225625 / 4244173

बिश्व मोटर ट्रेडर्स
ख–२,४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं: ४२२५६२५, ४२४४१७३, फाय्क्स: ४२२१८५५
ईमेल: vmtautoparts@wlink.com.np

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टस्हरु को लागि सम्पर्क गर्नुहोस् ।

# विषय–सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | सम्पादकीय | - | ३ |
| २. | भिक्षु आनन्द | - भिक्षु गणेगम सरणंकर | ४ |
| ३. | शान्तिको अधुरो सपना | - डा. गणेश माली | ६ |
| ४. | बौद्ध संघ संस्थाहरूको भूमिका–२ | - डा. केशव मान शाक्य | ८ |
| ६. | संविधानसभामा बौद्धहरूको प्रस्ताव–२ | - कोण्डन्य | १० |
| ७. | बुद्ध कति पर्खने अब त आँखा खोल | - रेवती राजभण्डारी | १५ |
| ८. | राजगीरको यात्रा वर्णन | - शंकरलाल चौधरी | १६ |
| ९. | बुद्धशासन दुःख मुक्तिको एउटै मार्ग | - शिशिल चित्रकार | १८ |
| १०. | Bhikkhu Sugatamuni Mahathera in my Memory | – Phra Vipassi Dhammaramo | २० |
| ११. | Venerable Bhikshu Amritananda and .......... | – Pro. Suwarna Sakya | २२ |
| १२. | बौद्ध गतिविधि | - | २४ |
| १३. | प्रपंचमार | - भिक्षु महाप्रज्ञा | २७ |
| १४. | अन्तर्राष्ट्रिय सम्मानद्वारा सम्मानित लोकदर्शन वज्राचार्य | - कोण्डन्य | २८ |

## सम्पादकीय

# श्रीलंकाली राष्ट्रपति आनन्दकुटी विहारमा



बुद्ध जन्मभूमि राष्ट्र नेपाल र श्रीलंकाको सम्बन्धमा धार्मिक आस्थाको अहम भूमिका रहेको छ । मित्रराष्ट्र श्रीलंकाको नेपालसँग दौत्यसम्बन्ध कायम हुनुअगाडि नै बुद्धधर्मसम्बद्ध धार्मिक आस्था यौटा ऐतिहासिक धरोहर भएको छ । ०७ सालको प्रजातन्त्र स्थापनाअगाडि राणाकालको अन्त्यतिर बुद्धधर्मको प्रचारप्रसार कार्यलाई समेत अराजकता मानिन्थ्यो । त्यसैले बुद्धको देशमै बुद्धधर्मलाई जनमानसमा फिंजाउने कार्यमा शासकीय दृष्टि नकारात्मक हुन्थ्यो । जनस्तरमा चेतनाको जागरण आउला र राणाशाही विरोधी तत्वको अभिवृद्धि हुँदै जालान् भन्ने धृष्टताले चन्द्रशम्शेरको शासनमा पाँचजना लामा भिक्षुहरूलाई देश निकाला गरियो । यसरी नै जुद्ध शमशेरको शासनकालमा ८ जना थेरवादी भिक्षु श्रामणेरहरूलाई देश निकाला गरिएको कलंकित इतिहास हामीसामू विद्यमान छ । नितान्त धार्मिक आस्थासहित बुद्धधर्मलाई पुनर्जागरण गर्ने युगको थालनी पनि राणाशासनको अन्त्यताको इतिहाससँगै गाभिएको छ । त्यसबेला बुद्धधर्म र नेपाल भाषामाथि समेत शासकीय गिद्धेदृष्टि परेको हुँदा ठूलो संघर्ष नै भएको थियो । परिणामत: बुद्धधर्म र नेपाल भाषाको आन्दोलन सँगसँगै अगाडि बढेको थियो ।

२००१ सालमा भिक्षुहरूलाई अमानवीय तवरले देश निकाला गरेपछि नेपाली, भारतीय, बर्मेली तथा श्रीलंकाली भिक्षुहरूको सहयोगमा राणाशासकको अमानवीय कदमविरुद्ध सशक्त आवाज बुलन्द गर्ने कार्यसँगै बनारसमा धर्मोदय सभाको गठन भएको थियो । त्यसको लगत्तै भिक्षु अमृतानन्दको सकृयतामा श्रीलंकाबाट भिक्षु नारदको नेतृत्वमा पाँच सदस्सीय शान्ति मण्डलले पद्म शसम्शेरको दर्शनभेट पाएको थियो । यसपछि भिक्षुहरूले पुन: स्वदेश प्रवेश गर्न पाए । यसरी नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरणमा श्रीलंकाको अविस्मरणीय योगदान रहेको छ । श्रीलंकाबाटै धार्मिक आस्थालाई कदर एवं निरन्तरता दिन बुद्धको पवित्र अस्थिधातु धार्मिक उपहार प्राप्त भएको थियो, जुन आनन्द कुटी विहारमा श्रीलंकाराम चैत्य स्थापना गरी धातु निधान गरियो । सो पवित्र अस्थिधातुको चोरी पश्चात् श्रीलंका सरकारबाट सम्मानपूर्वक पुन: बुद्धको पवित्र अस्थिधातु उपहार प्राप्त भएको थियो ।

वास्तवमा राणाशासनको अन्त्य गर्ने आन्दोलनरूपी अभियानसँगै नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जारण भयो भने यसै जागरणले समग्र बुद्धधर्मावलम्बीहरूबीच आफ्नो धर्म र संस्कृतिको जगेर्ना एवं सम्बर्द्धन गर्ने कार्यमा नयाा उर्जा थप्ने योगदानपूर्ण कार्य भएको थियो । थेरवाद बुद्धधर्मको पुनर्जागरणपश्चात् नेपाली भिक्षु, श्रामणेर तथा अनागारिकाहरू बुद्धधर्म अध्ययनार्थ श्रीलंका र बर्मामा जान थाले । यसको लगत्तै बढी अध्ययन गर्नेहरू श्रीलंकामा पुगे भने त्यहााको थेरवाद बुद्धधर्मको बढी प्रभाव नेपालमा देखियो । सयौं भिक्षु श्रामणेर अझै श्रीलंकामा अध्ययनरत छन् ।

श्रीलंका र नेपालको प्रत्यक्ष धार्मिक सम्बन्ध स्थापना भएको झण्डै सात दशक भैसकेको छ । श्रीलंकाका प्रतिष्ठित, ख्यातिप्राप्त भिक्षु एवं श्रद्धालु उपासक उपासिकाहरूले शुरु शुरुमा आनन्दकुटी विहारको सम्पर्कमा नेपालको भ्रमण गर्दथे । पछि यो सम्पर्क सरकारीस्तरबाट पनि अगाडि बढेको हो । श्रीलंकाली राष्टपति, प्रधानमन्त्री, मन्त्री आदि जो कोही नेपालको भ्रमणमा आउनुहुादा बुद्धजन्मभूमि लुम्बिनी तथा आनन्दकुटी विहारको भ्रमण गर्ने औपचारिक कार्यतालिका बनेको छ । यसरी नै नेपालका लागि श्रीलंकाका राजदूत हुने जो कोही आनन्दकुटी विहारमा औपचारिक रूपमै आउने चलन बसिसकेको छ ।

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवको निमन्त्रणामा तीनदिने नेपाल भ्रमणमा आउनुभएका श्रीलंकाली राष्ट्रपति महिन्द राजपक्षेसहित उहाँका भ्रमण दल आनन्दकुटी विहारमा पुगी धार्मिक कार्यमा सरिक भए । पवित्र अस्थिधातु दर्शन, पञ्चशील प्रार्थना, बुद्धपूजा, परित्राण श्रवण, परित्राण जल तथा धागो ग्रहण कार्यमा

महामहिम राष्ट्रपति श्रद्धापूर्वक सहभागी भए । भिक्षु संघलाई परिष्कार दान, विहारलाई त्रिपिटक ग्रन्थ तथा अन्य दान गरे । पूजामा आवश्यक सरसामग्री श्रीलंकादेखि नै ल्याएको थियो । त्यसो त आनन्दकुटी विहार जहाा मल्लकालपछि राष्ट्रप्रमुख राजा, प्रधानमन्त्री स्वयंउपस्थित भई धार्मिक कार्यमा सरिक हुने विहार हो । आउँदो बैशाख पूर्णिमा बुद्धपूर्णिमाका दिन गणतन्त्र नेपालका राष्ट्रपति एवं प्रधानमन्त्रीको औपचारिक धार्मिक कार्यमा समुपस्थिति रहने छ ।

श्रीलंका, बर्मा, थाईल्याण्ड, चीन, रसिया, जापान, भारत आदि राष्ट्रका विशिष्ट पाहुनाहरू नेपाल भ्रमणमा आउनुहुँदा आनन्दकुटी विहारको दर्शन गर्न आउने गर्दछन् । अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ऐतिहासिक आनन्दकुटी विहारको वर्तमान संरचना, संरक्षण, संवर्द्धन एवं संचालन जुन परिवेशमा अगाडि बढ्नुपर्ने, बढाइनु पर्ने हो त्यसमा नेपाल सरकार, संस्कृति मन्त्रालयलगायत सम्बन्धित पक्ष सबैको ध्यानाकृष्ट हुनैपर्छ । राष्ट्रकै धरोहर, अन्तर्राष्ट्रिय आस्था केन्द्रस्थल भैसकेको आनन्दकुटी विहार जीर्णावस्थामा पुगिसकेको छ भने यसलाई व्यवस्थित भौतिक संरचनागत ढंगले अगाडि बढाउन संस्कृति मन्त्रालयअन्र्तगत पुरातत्व विभागले रचनात्मक सहयोग गर्ने भाव समेट्नु सबैको लागि सुखकर हुन्छ । त्यो रचनात्मक सहयोगभित्र संभवभएसम्म आर्थिक पक्ष पनि समेटिनु पर्छ भने अविलम्ब प्रशासनिक सहयोगको मार्ग खुलस्त गरी कामकारबाही अगाडि बढाउने वातावरण बनाउनु नै पर्छ । त्यसका लागि विहारका आवासीय भिक्षुहरूले पनि विहारप्रति जिम्मेवारी वहन गरी विहारको समुन्नत विकासको लागि 'शोभा बढ्ने कार्य 'शैली अपनाउनुपर्ने अपरिहार्यता देखिन्छ । यसरी नै आनन्दकुटी विहार गुठीले संस्थागत आधिकारिक जिम्मेवारी भूमिका निभाउन निरन्तर प्रयास जारी राख्नुपर्छ भने अखिल नेपाल भिक्षु महासंघलगायत सम्बन्धित संघसंस्थाहरूबाट समेत आवश्यक पहलकदमी उठाउने कार्य हुनसके ऐतिहासिक आनन्दकुटी विहारको गरिमा एवं ऐतिहासिकतालाई प्रतिस्थापित गर्दैलान सकिने हुन्छ, यसमा सम्बिन्धित सबैको रचनात्मक ध्यानाकर्षण हुनु अत्यन्त आवश्यक देखिन्छ ।



# वीतशोक साँचै वीतशोक भए

भगवान बुद्धको लगभग दुईसय वर्षपश्चात् भारतमा सम्राट अशोक राजा भए। उनका धेरै भाईहरूमध्ये वीतशोक नामको एकजना भाई पनि थिए। राजपुत्रहरूलाई सिकाइने निश्चित विद्यामा वीतशोक पनि निपुण थिए। पारंगत थिए। आफ्नो दाजुको रेखदेखमा उनले पनि राजकाजका जिम्मेवारी लिएका थिए। पछि अशोक बदल्यो। सबैको कल्याणकारी हुने शुद्धधर्मको सम्पर्कमा आए र चण्डाशोक धर्माशोकमा परिणत भए। त्यसबेलाका धर्माचार्यहरूको निर्देशनअनुसार भगवानको मंगलमयी धर्मोपदेश र साधनामार्गको प्रतिपादन गरेर सम्राट अशोकले अपूर्व शान्ति अनुभव गरे। उनको मनमा आफ्नो प्रजाप्रति वात्सल्य प्रेम जाग्यो। राज्यको आम्दानी प्रजाको सुरक्षाका साथ-साथै उनीहरूको सुख-सुविधामा खर्च गर्न थाल्यो। सडकहरू बनाए, त्यसको किनारामा फलफूलका बोट र छाँया दिने रुख रोपे। ठाऊँ-ठाऊँमा पानी खानको लागि द्रोणीहरू बनाए। ठाउँ-ठाउँमा धर्मशाला बनाए। मनुष्य तथा पशुहरूका लागि औषधालय बनाए। त्यस भन्दा पनि मानिसहरूलाई शुद्धधर्मको सैद्धान्तिक र व्यावहारिक शिक्षा प्रदान गर्नको लागि राज्यको तर्फबाट धर्ममन्त्री नियुक्त गरे। विभिन्न स्थलमा प्रस्तरका शिला र स्तम्भ बनाई शुद्धधर्मको वाणी कुँडाए ता कि राज्यका शासनाधिकारी तथा प्रजागण यसलाई पढेर सद्धर्मप्रति उत्साहित हुन सकुन्। ठाउँ-ठाउँमा विहार तथा स्तुपहरूको निर्माण गर्न लगाए ता कि मानिसहरू चित्त विशुद्धिको कार्य गर्न सकुन्।

मानिसहरूमा धर्मभावना बढिरहेको थियो। राज परिवारका सदस्यहरूमा पनि धर्मको प्रभाव परिरहेको थियो। सबै जना नभए पनि केहीले धर्मको रस चाखेका थिए। उनले आफ्नो दरवारको लागि विशेष धर्म आचार्यको नियुक्ति गरेका थिए।

सम्राट अशोकका भाई वीतशोक पुण्यशाली व्यक्ति थिए। उसलाई पनि धर्मले प्रभावित पाऱ्यो। भगवान्को वाणीमा उसले पनि शान्ति र निर्मलताको सन्देश पाए। गृहस्थ भएर पनि भिक्षु गिरिदत्तको साथमा बसेर सारा सुत्तपिटक अध्ययन गर्ने मौका पाए। हृदय छुने यस मंगलमयवाणी पढेपछि राजकुमार वीतशोक एकदम प्रभावित भए। कल्पना र अन्धमान्यताका जंजाल स्वतः दूर हुन थाल्यो। सत्यको प्रकाशले अज्ञानको अन्धकार स्वतः हट्न थाल्यो। प्रतीत्यसमुत्पादमा आधारित भव-प्रवाह खुलस्ट देखिन थाल्यो। चित्त र चित्तको चेतना तथा भौतिक शरीरको प्रत्यक क्षण परिवर्तन भइरहने संततिले कसरी अवधाराबाट मुक्तहुन सकिन्छ ? यो पनि स्पष्ट हुन थाल्यो। यो भव-प्रवाह दुःख नै छ र यसको मूल कारण तृष्णा हो, यसबाट नै भवको समुदय हुन्छ। यसको निवारण भएमा भव-प्रवाह स्वतः निवारण हुन्छ। यस विद्याको लागि स्पष्ट तर स्वयं परिश्रम गर्नु पर्ने विधि सिकाउनुभएको छ। यसको अभ्यासले नै कोही व्यक्ति दुःख निरोधको परम अवस्था प्राप्त गर्नसक्छ। सुत्तपिटकको सारा अध्ययन पूरा गराएर आचार्य भिक्षु गिरिदत्त स्थविरले वीतशोकलाई अभिधम्मपिटकको गम्भीर शिक्षा पनि पढायो।



कल्याणमित्र
स.ना. गोयन्का

यी दुवै परियत्ति शिक्षाका साथ-साथै आचार्य गिरिदत्तले आफ्नो शिष्यलाई प्रतिपत्तिको शिक्षा पनि दिलाए। आफूले अध्ययन गरेको, सुनेको शिक्षा वीतशोकले जब आफ्नो अनुभवमा दर्शन गर्न पायो तब त्यस विद्याप्रति झन प्रभावित हुनथाल्यो। राजकुमार वीतशोक आफ्नो परिवार तथा राजकाजको जिम्मेवारी निर्वाह गर्दै एक आदर्श गृहस्थ जीवनयापन गर्न थाल्यो।

समय वित्दैगयो। एक दिनको कुरा हो, सँधै झै कपाल काट्नको लागि हजाम आए र उसले टाउकोको कपाल काटे, दाढी जुंगा खौरिदिए। सबै सफा गरेपछि हजामले सँधैझै काटेको मिल्यो कि मिलेन हेर्न वीतशोकको हातमा ऐना राखिदिए। वीतशोकले ऐनामा आफ्नो मुहार हेरे, कपाल काटेको हेरे। उनले आफ्नो टाउकोमा एक दुईवटा केश फुलेको देखे, मुहारमा पनि केही चाउरी परेको जस्तो

देखे, यी दुबैले शरीरको जीर्ण अवस्थाको संकेत दिइरहेको थियो ।

यो घटनाले वीतशोकको मनमा धर्मसंवेग जाग्यो अनेक पटक जन्मेझैं यो जन्म पनि विना केही काम त्यसै बित्न लाग्यो । मानवको अनमोल जन्म प्राप्त भयो । यस्तो मुक्तिदायिनी धर्म-साधना प्राप्त भएको छ । यसबाट लाभ उठाउनुपर्छ । थाहा छैन मृत्यु कहिले टुप्लुक्क आइपुग्छ ।

यस्तो धर्म–चेतना मनमा जाग्यो र धर्मसाधनामा तल्लीनताकासाथ लागे । उनले स्रोतापन्न अवस्था प्राप्त गरे । जब शरीर र मनको पर, इन्द्रियातीत अवस्थाको ज्ञान भयो तब धर्मसंवेग झन तीब्र हुनथाल्यो । यस मानव जीवन र मुक्तिदायिनी विद्याको पूरा पूरा लाभ उठाउन चाहे । अतः उनले गृहस्थ जीवनलाई त्यागे, राजमहलको मिथ्या प्रलोभनलाई त्यागेर चीवर धारण गरे, भिक्षु भए । गुरु गिरिदत्तको निर्देशनअनुसार साधना अभ्यासमा लागे । सूक्ष्म सत्यदर्शनको अभ्यास गर्दागर्दै वीतद्वेष, वीतमोह भए र सही अर्थमा वीतशोक भए । मानव जीवनको परम लक्ष्य प्राप्त गरे, मुक्त भए, उनको मुखबाट स्वतः उदानका व्याक्य प्रस्फुटन भयो । जुन यस प्रकार छन् - "केश काट्न हजाम म कहाँ आए । उसंग ऐना लिएर मैले आफ्नो शरीरको प्रत्यवेक्षण गरें तब ममा विपश्यनाको अन्तदृष्टि जाग्यो ।

तुच्छो कायो अदिस्सित्थ- जरा, मरण र क्षण-क्षण परिवर्तन हुने यस निस्सार, तुच्छ शरीरको कायानुपश्यनाको साधनाले स्वयं प्रत्यक्ष दर्शन गरें ।

अंधकारे तमो व्यगा - अविद्याको सारा अंधकार विदीर्ण भयो ।

सब्बे चोला समुच्छिन्ना - भव संस्कारका सारा पर्दा उघ्रियो । परम सत्यको अनावरण भयो ।

नत्थिदानी पुनब्भवो - अब मेरो लागि पूनर्जन्म छैन । पूनर्जन्म हुने कारणका समस्त संस्कार छुट्यो ।

फुलेको सेतो कपालको दर्शनले साधकलाई सत्य दर्शन गर्ने प्रेरणा दियो । एक भाग्यशाली सम्राट अशोकलाई शुद्धधर्म प्राप्त भयो र सारा देशले सद्धर्म प्राप्त गरे । देशका अनेकौं व्यक्तिहरूले सुख-शान्तिको सही मार्ग प्राप्त गरे ।

राज्य परिवारका एक दुई जना व्यक्ति अभाग्य रहे उनीहरू धर्म विमुख रहे । बाँकी सबै मंगलमार्गी भए । उनीहरूमध्ये अनेक जीवन मुक्त भए, तीमध्ये वीतशोक एक जना थियो । ■

# अहिंसा परमो धर्मः

भिक्षु उत्तम, वेलुवनाराम ,थेच्व

छचल्किरहेछन् हे मेरा भाई ! यो मेरो हृदय घैलामा,
करुणाको ज्वार यसरी यहाा, यो विभत्स घडीमा ।
विचार भाई ! मनन गर, एक श्वास यहाा फाली,
गर न विचार ! एक चोटी, लगाउ चिन्तन बाली !
भाई ! जाग आाखा उघारी !

आर्तनाद् तिनका सुन भाई ! अबोध ती प्राणीहरूको,
रुादै हरे ती ढलेका यहाा, हाय ! कुकृत्य मानवको ।
जगाउ दया अलिकति, तिम्रो अलिकति नै बेस यहाा,
निर्दोष प्राणीको बलिदान ! चाहन्छौ तिमी के यहाा?
भाई ! मानवता बक्छौ कोरा शब्दमा ? !

किन स्वार्थी तिमी बन्छौ ? हिंसाको डुन्डुभी बजाउाछौ ?
बिगार गऱ्यो उसले के ? अत्याचार तिमी धुवाऔंछौ ?।
सडाउ ती तिम्रा मनहरू, तृष्णाको कलुषितताले भरिएका,
स्वाभिमानको लालसामा, कुकृत्य गर्न फगत पल्किएका !
भाई ! खु ाले भुईं नछोएका ।

भाई ! जोडी म यी हात, अनुरोध विनम्रताले खोल्दैछु,
लेउ अलि वचन यी मेरा, अनुग्रहले बिन्ति भन्दैछु !
मांसको तिमी सेवन नगर, एउटा अबोध प्राणीको जिउ,
बन्नु छ शाकाहारी तिमी, वचन यति अब मेरो लेउ !
भाई ! कसम यति पिउ ।

मांसको सेवन के हो भाई ? आफूमा रोगको निर्माण,
या स्वाभिमानको नाउँमा, अपूर्व दुःखद् मृत्युको शरण !
अब त तिमी उठ्नु छ, हृदयमा करुणाको दियो बाल्नु छ ,
अहिंसा धर्म , सदाका लागि अन्तकरणमा कुंद्नु छ !
भाई ! जीवनको कबुल हुनु छ ।

तिमी एकले आज मांस छोडे, भोलि छोड्नेछ अर्कोले,
यसैगरि यो विश्व नै, उज्यालिनेछ ज्ञान प्रकाशले !
संसार यसरी मुस्कुराउनेछ, जगतमा हाासो छाउनेछ ,
अहिंसाको यो भूतलमा, बुद्धत्व फेरि उदाउनेछ ।
भाई ! जगत बुद्धमय बन्नेछ !

अस्तु

गताङ्कबाट क्रमश:

# भिक्षु आनन्द

गणेगम सरणंकर महानायक महास्थविर
अनु: भिक्षु पञ्ञामूर्ति

१३. भिक्षु आनन्दको हातले छोएको आभूषण लिलाम गरी पुन: खरीद गरेर त्यस पैसाबाट विहार निर्माण गर्छे

विशाखा महोपासिकाले महालता पसाधन आभूषणको मूल्य गाडामा राखेर विहारमा गई तथागत गौतमबुद्धलाई पञ्चाङ्ग दण्डवत् गरी "आर्य आनन्द महास्थविरले स्पर्श गरिसक्नुभएको आभूषण लाउन उचित (योग्य) नभएकोले बेची भिक्षुसंघलाई योग्य वस्तु व्यवस्था गराई दिनेछु भनी बेच्न पठाएकोमा त्यत्तिको मूल्य तिरेर किन्न सक्ने व्यक्ति यस नगरमा नभएको हुनाले, कथंकदाचित् किने तापनि लाउनलाई म जस्तो योग्य व्यक्ति अरू यस नगरमा नभएको हुनाले पनि, मैले नै त्यस आभूषणको मूल्य तिरी किनेर त्यसको पैसा लिएर आएँ। चतुप्रत्ययमध्ये कुनचाहिं प्रत्ययमा खर्च गरी दिए बेश हुनेछ शास्ता !" भनी सोधनि हुँदा तथागत गौतमबुद्धले "पूर्वदिशातिर भिक्षुसंघलाई बस्न पायकको विहार निर्माण गरिदिनु योग्य हुनेछ" भनी आज्ञा हुनुभयो। विशाखाले पनि विहार निर्माण गरिदिनेमा महानफल (आनिशंस) भएको थाहा भएको हुनाले अत्यन्त सन्तोष भई मन प्रसन्नकासाथ जमिनदारहरूसँग नवकोटी धन दिई जमीन खरीद गरिन्। अर्को नवकोटी धन खर्च गरी विहार निर्माण गर्ने कार्य थालनि गर्नुभयो।

एकदिन तथागत गौतमबुद्ध बिहानपख ध्यानद्वारा लोकतर्फ हेर्नुभएको समयमा देवलोकबाट च्यूत भई भद्दिय (भद्रीय) नगरमा महाजनको घरमा जन्मेका भद्दिय (भद्रीय) महाजनलाई अरहत् हुनको लागि उपनिस्सयसम्पत्ति (आर्यसत्य बोध गर्न सक्ने क्षमता) छ भन्ने देख्नुभई, तथागत गौतमबुद्ध, अनाथपिण्डिक महाजनको घरमा भोजन गर्नुभई नगरको उत्तरपत्तिको ढोकाबाट निस्कन लाग्नुभयो। स्वभावत: शास्ता विशाखाको घरमा भोजन गर्नुभई दक्षिण ढोकाबाट निस्केर जेतवनाराम विहारमा जानुहुन्थ्यो। उत्तरतिको ढोकातिर हेर्दै तथागत गौतमबुद्ध निस्केमा चारिकाको लागि निस्कँदै हुनुहुन्छ भन्ने कुरा विशाखालाई राम्ररी थाहा छ। विशाखाले उत्तर ढोकातिर हेरी चारिका गर्न जानुहुनेछ भन्ने सुनी चा-चाँडै आई पञ्चाङ्ग दण्डवत् गरी "चारिकाको लागि पाल्न लाग्नुभएको हो ?" भनी बिन्ति गर्दा "हो, विशाखे ! जान लागेको" भनी प्रत्युत्तर दिनुहुँदा "अहिलेसम्म अठार कोटी धन खर्च गरी तपाईंको लागि विहार बनाउँदैछु। अतएव अनुकम्पा राख्नुभई यहीं बस्नुभए बेश हुने थियो" भनी बिन्ति गरिन्। "हे विशाखे ! यो मेरो भ्रमण (चारिका) फर्किनुहुने वा पछि हट्न हुने भ्रमण हैन। यस भ्रमण रोक्न सकिने छैन।" निर्वाण बोध गराउन योग्य ब्यक्ति देखेर नै भन्नुभएको होला भनी सोच्न पुगिन् विशाखाले। "पुन: नफर्कुन्जेल विहारको कार्य गर्न तथा हेरचाहको निम्ति कुनै एकजना भिक्षुलाई छोडेर जानुभए बेश हुन्थ्यो" भनी आग्रह गरिन्। "कसैलाई रोकिराख्ने इच्छा भएमा उसको पात्र लिनु" भनी आज्ञा हुनुभयो। उनी (विशाखा) भिक्षु आनन्दप्रति विशेष स्नेहयुक्त थिइन्। त्यसो भएतापनि महामौद्गल्यायन महास्थविर ऋद्धिवान् भएको हुनाले वहाँको ऋद्धिप्रभावद्वारा निर्माण कार्य चाँडै सक्याउनको निम्ति वहाँलाई निमन्त्रणा गरी पात्र मागिन्। महामौद्गल्यायन महास्थविरले तथागत गौतमबुद्धको मुख हेर्नुभयो। तथागत गौतमबुद्धले पनि "तिमी आफ्ना पाँचसय भिक्षु परिवारहरूका साथ यहीं बस" भनी आज्ञा हुनुभयो। तथागत गौतमबुद्धको आज्ञानुसार महामौद्गल्यायन महास्थविर आफ्ना भिक्षु-परिषद्का साथ त्यहीं रोक्नुभयो। वहाँको ऋद्धिप्रभावद्वारा पचासौं योजन टाढा गई रूखहरू काट्ने र ल्याउने तथा ढुँङ्गाहरू ओसार्ने इत्यादि कामहरू त्यसै दिनमा सरलतापूर्वक सम्पन्न भयो। गाडाहरूमा रूख, काठ तथा ढुङ्गादि चढाउँदा र ओसार्दा पनि कसैलाई कुनै किसिमको थकावट आदि लाग्दैनथ्यो। जत्ति पनि भारि गाडामा चढाउँदा पनि गाडालाई केही भएन अर्थात् गाडा बिग्रीएन। यसप्रकार धेरै दिन नबित्दै चाँडै नै दुइतले विशाल प्रासाद निर्माण कार्य सम्पन्न भयो। त्यस प्रासाद, जमिन तलामा पाँचसय कोठाहरू र माथिल्लो तलामा पाँचसय कोठाहरू गरी एकहजार कोठाहरूले युक्त थियो।

तथागत गौतमबुद्ध नौ महीनासम्म चारिका गर्नुभई श्रावस्तीमा फर्कनुभयो। विशाखा महोपासिकाद्वारा बनाइएका प्रासादको कार्य एक वर्षमा पनि नसकिने थियो। महामौद्गल्यायन महास्थविरको ऋद्धिप्रभावद्वारा, विशाखा महोपासिकाको कुशलताको प्रभावद्वारा, तथागत गौतमबुद्धको बुद्धानुभावद्वारा नौमहिनामै प्रासादको सम्पूर्ण निर्माण कार्य सम्पन्न भयो। विशाखा महोपासिकाले तथागत गौतमबुद्ध चारिकाबाट फर्की जेतवन विहारमा जाँदै हुनुहुन्छ भन्ने खबर सुनी तथागत गौतमबुद्ध सम्मुख गई आफूले बनाएका नवनिर्मित पूर्वाराम प्रासादमा पाल्नुहुन बिन्ति गर्दै "भो शास्ता ! भिक्षुसंघसहित यस चतुर्मासभरि कहीं कतै नजानुभई यस नवनिर्मित प्रासादमा बस्नुहोला, विहार महोत्सव पूजा पनि सम्पन्न गर्नेछु" भनी विन्ति चढाइन्। तथागत गौतमबुद्धले पनि अनुमोदन गरी स्वीकार्नुभयो। विशाखा महोपासिकाले पनि त्यसदिनदेखि बुद्धप्रमुख

भिक्षुसंघलाई कहीं कतै भिक्षा माग्न नपठाई त्यस चतुर्मासभरि विहार (प्रासाद) मा नै भोजनादि दान प्रदान गर्न थालिन् ।

(सद्धर्मरत्नावलि जयतिलक संस्करण पे. ३५०)

१४. भिक्षु आनन्द रोइरहेकी युवतीलाई फकाउनुहुन्छ

विशाखाकी एक साथी हजारौं मूल्य पर्ने एक गलैंचा साथमा लिएर आई विशाखालाई भनिन् "साथी विशाखे ! म यस कपडाको टुक्रा तपाईंले बनाउनुभएको प्रासादमा बिछ्याउन चाहन्छु तसर्थ यस गलैंचा कहाँ बिछ्याए ठीक होला ? तपाईं बताई दिनुहोस्" भनी आग्रह गरिन् । "हे साथी ! यदि मैले त्यस्तो गलैंचा बिछ्याउने कुनै ठाउँ खालि छैन भनौं भने तिमी त्यस्तो स्थान छैन भन्यो भनेर मन दुखाउनेछौ तसर्थ तिमी आफै प्रासादमा गई तलमाथि सबै तलामा गई कुन स्थान उचित तथा खालि छ त्यहाँ राख्न जानुस्" भनी भनिन् । उनले पनि हजारौं मूल्यको गलैंचा साथमा लिई प्रासादको तलमाथि सबै स्थानमा घुमी हेर्दा त्यस गलैंचाभन्दा कम मूल्यको र उपयुक्त स्थान कतै नदेखी यस पुण्यकार्यमा सामेल हुन पाएनौं भनी गलैंचा साथमा लिई एक कुनामा बसी दु:खित हुँदै रुँदै बसिन् । भिक्षु आनन्द महास्थविरले उनी रुँदैरहेको देख्नुभई सत्तुभत्त जातकमा ब्राह्मणको रूपमा जन्मिनुभएका आफूले पनि उनी रुनुको कारण सेनक पण्डित भई जन्मिनुभएका महाबोधिसत्त्वले प्रश्न गर्नेजस्तै गरी किन रोइरहेकी ? भनी प्रश्न गर्नुभयो । उनले त्यस प्रश्न सुनी आफू रुनुको कारण व्यक्त गरिएपछि, "तिमी दु:खी नहुनु, म तिमीलाई उचित स्थान देखाइदिनेछु भनी भन्नुहुँदै तिमीले त्यो गलैंचा लिस्नोनिर ओछ्याइदेऊ । तथागत गौतमबुद्ध प्रमुख भिक्षुसंघ पाल्नुहुँदा खुट्टा धोई भित्र पस्ने बेलामा तिम्रै गलैंचालाई बुद्ध प्रमुख भिक्षुसंघले सर्वप्रथम परिभोग गरेको हुनेछ । अनि तिमीले ठूलो पुण्यफल पाउनेछौ" भनी विशाखा महोपासिकाले पनि विचार गर्न नसक्ने स्थान देखाउनुभई उनलाई पनि त्यस पुण्यकार्यमा सामेल गराउनुभयो ।

(सद्धर्मरत्नावलि-जयतिलक संस्करण, पे. ३५१)

१५. एक राजमहिषी नारी स्वतन्त्रताको लागि संघर्ष गर्छे

आज जस्तै तत्कालीन उत्तर भारतमा नदीको पानी ती ती राज्य तथा प्रान्तहरूमा भागबन्दा गरीलिने सम्बन्धमा कलह श्रृजना भएको थियो । बुद्धकालीन समयमा रोहिणी नदीको पानी सम्बन्धमा शाक्य कोलिय दुई पक्षबीच युद्ध श्रृजना भएको थियो । तथागत गौतमबुद्ध उक्त स्थानमा जानुभई पानीको मूल्यभन्दा मान्छेको जीवन मूल्यवान् हैन र ? भनी तिनीहरूसँग प्रश्न गर्नुभई तिनीहरूलाई सत्य बोध गराउनुका साथै धर्मदेशना गर्नुभई सामग्गी (मेलमिलाप) गर्नुभएको थियो । उक्त धर्मोपदेश सुनी राजपरिवारबाट ५०० राजकुमारहरू बुद्धसमक्ष प्रव्रज्यासंवर प्राप्त गऱ्यो । तिनीहरू प्रव्रजित भएपछि तिनीहरूका पत्नी तथा विवाह गरी बसेका राजकुमारीहरू पति नभएका हामीहरू घरमा बसिरहनुमा केही औचित्य छैन भनी महाप्रजापति गौतमी भेट्न गई "तपाईंको पति परमेश्वर सुद्धोधन महाराजा अरहत् हुनुभई परिनिर्वाण भैसक्नुभयो । अब तपाईं पनि हामी जस्तै पति नभएकी पत्नी हौ । हाम्रा पतिहरू जस्तै हामी पनि प्रव्रजित हुनजाऔं । त्यसको लागि तपाईं हाम्री नायिका बनीदिनु" भनी आग्रह गरिन् । महाप्रजापति गौतमी पनि त्यस आग्रहबाट राजी हुनुभई पाँचसय राजकुमारीहरूसँग तथागत गौतमबुद्धलाई भेट्न गइन् । तथागत गौतमबुद्धलाई भेटी पञ्चाङ्ग दण्डवत्का साथ अभिवादन गरी एकछेउमा बसिन् "भो शास्ता ! तपाईंको पिता, मेरा स्वामीपुरुष हुनुभएका सुद्धोधन महाराजा अरहत् भई हिजोअस्ति परिनिर्वाण हुनुभयो । नन्द, राहुल कुमारहरू पनि प्रव्रजित हुनुभयो । ममात्रै राजगृहमा एक्लै कसरी बस्ने ? यी राजकुमारीहरूका स्वामीपुरुषहरू पनि तपाईंकहाँ प्रव्रजित हुनुभयो । तसर्थ यी राजकुमारीहरू पनि प्रव्रजित हुन इच्छुक छिन् । त्यसकारण हामीहरूलाई प्रव्रज्या गर्नुभई भिक्षुणी शासनमा प्रतिष्ठापन गरिदिनुस्" भनी आग्रह गरिन् । महिलाहरूलाई पनि स्वतन्त्रता हुनुपर्छ भनी अरूलाईभन्दा राम्ररी ज्ञात हुनुभएका तथागत गौतमबुद्धले भारतवर्षमा तत्कालीन प्रचलित महिलाहरूको बारे, समाजको धारणा र भिक्षुणी शासनको भविष्यको सुरक्षा आदि कारणसम्बन्धी कारणा-कारण विचारशील हुनुभई एकैचोटी स्वीकृति प्रदान गरी महिलाहरू प्रव्रजित भएमा श्रृजना हुने जटीलता बारे व्यक्त गर्नुभई उक्त आग्रह प्रतिक्षेप गर्नुभयो । महाप्रजापति गौतमीले दुई तीनचोटी मागिरहनुभयो । तर पनि बुद्धले हरेक पल प्रतिक्षेप गर्नुभयो । आफ्नो इच्छा पूरा नहुने भन्ने थाहापाई महाप्रजापतिसहित राजकुमारीहरू पुन: आ-आफ्नो राजदरबार अथवा घर फर्किन् ।

केही दिन पश्चात् तथागत गौतमबुद्ध कपिलवस्तु निग्रोधारामबाट निस्कनुभई वैशाली महानगरको कूटागारशालामा जानुभयो । महाप्रजापति गौतमी प्रमुख राजकुमारीहरू ५०० जना तथागत गौतमबुद्धको प्रतिक्षेप बाबजूद प्रव्रज्या लिने इच्छा आकांक्षालाई सम्पूर्ण रूपमा त्यागेका थिएनन् । तिनीहरू जहिले भएपनि, जसरी भएपनि प्रव्रज्या लिनेछौं भनी अधिष्ठान गरे । तथागत गौतमबुद्धले हामीलाई प्रव्रजित नगर्ने हो भने हामी नै प्रव्रजित भेषमा बदलिऊँ भनी निश्चय गरी हजामहरूलाई डाकी आ-आफ्नो केश काटी पहेँलो (गेरु) वस्त्र धारण गरी वैशाली महानगरतिर लागे ।

क्रमश.......

# थरी थरी धर्म–एउटै सार

संसारमा थरी थरीका मान्छेहरू हुन्छन्, तर रगत त एउटै हुन्छ, थरी थरीका गाईहरू हुन्छन्, तर दूध एउटै हुन्छ, त्यस्तै थरी थरीका धर्महरू हुन्छन्, तर सार त एउटै हुन्छ ।

मान्छेहरू के चाहन्छन् ? धर्म चाहन्छन् किनकि सबै मान्छे राम्ररी बाँच्न चाहन्छन्, भोक लागेको बेला सबैलाई खाना चाहिन्छ, प्यास लागेको बेलामा पानी, विरामी भएमा उपचार चाहिन्छ, मौसम अनुकूल वस्त्र चाहिन्छ, सबै ज्ञान चाहन्छन्, शीप चाहन्छन्, विद्या चाहन्छन्, सबैलाई बस्नलाई बास चाहिन्छ, आपत विपतबाट सुरक्षा चाहिन्छ, हिडडुलगर्न बाटो चाहिन्छ । संसारका सबै प्राणीहरू राम्ररी बाँच्न चाहन्छन् । कोही पनि नराम्ररी बाँच्न र मर्न चाँहदैनन् । सबै प्राणीलाई दु:ख होइन, सुख चाहिन्छ, अशान्ति होइन शान्ति चाहिन्छ, मृत्यु होइन, अमरत्व चाहिन्छ, अन्धकार होइन प्रकाश चाहिन्छ, असत्य होइन सत्य चाहिन्छ । त्यसैले सबै मान्छे एक हुन् । अनेक देखिन्छन्, थरी थरीका देखिन्छन्, तर एक हुन् । त्यस कारण जस्तो म हुँ त्यस्तै सबै हुन् । प्राणीमात्र एक हुन् । यही नै धर्मको सोच हो । यही नै धार्मिक व्यवहार र चिन्तनको स्रोत हो ।

जस्तो म हुँ त्यस्तै त्यो हो, जस्तै म राम्ररी बाँच्न चाहन्छु, जसरी मलाई सुख शान्ति चाहिन्छ, त्यस्तै उसलाई पनि चाहन्छ, जस्तो व्यवहार अरूबाट आफूलाई चाहिन्छ त्यस्तै नै अरूलाई पनि व्यवहार गर – यही नै सबै धर्मको सार हो । सबै प्रकारका असल कर्महरू गर जे गर्नाले अर्काको हित, कल्याण र चिरकालतक सुख हुन्छ, जे गर्नाले आफ्नो पनि हित कल्याण र चिरकालतक सुख हुन्छ, जे गर्नाले आफूलाई केही दु:ख कष्ट भएपनि अरूलाई हित सुख हुन्छ, त्यसैलाई आफ्नो हित र सुख पनि सम्झ । यही नै धर्मको सार हो । यसको विपरित गर्नु नै सबै पापकर्मको मूल पनि हो ।

त्यसैले सबै प्रकारका कुशल कर्महरू गर्नु, अकुशल कर्महरू नगर्नु, आफ्नो चित्तलाई आस्रव, मैल, आसक्ति, काम, क्रोध लोभ, डाह, जस्ता आफ्नो र अरूको पनि अहित दु:ख गर्ने अशुद्धिहरूबाट रक्षा गरी राख्नु – यही नै सबै धर्मको सार हो ।

त्यसैले सबैमा मैत्री भाव राख्नु, दु:खी जनहरू उपर करूणा दृष्टि राख्नु, अर्काको सुखमा आफू पनि प्रसन्न हुनु, समदर्शिता र उपेक्षा भाव राखी विहरनु– यही नै सबै धर्मको सार हो ।

धर्मको सार त एउटै हुन्छ । तर धर्मका व्यापारीहरूले धर्मलाई थरी थरीका बनाएका छन् । जस्तै गाईको दूध त एउटै हुन्छ तर व्यापारीहरूले दूधबाट अनेक प्रकारका मिठास (Flavour) दिने वस्तुहरू मिसाई हर्लिक्स, भिभा, नेस्टोमाल्ट, बूस्ट, ग्लाय्क्सो, कन्देनस्द, मिल्क, चकलेटहरू, दहि, आइसक्रिम, क्रिम, पनीर, बर्फि, प्यडा, रसबरि, मखन, चीजबीज इत्यादि बनाएर व्यापार गर्छन्, र मानिसहरू गाई र शुद्ध दूधलाई बिर्सेर यस्तै चीजमा भुली बस्न थाल्छन् ।



● डा. गणेश माली

त्यस्तै मूल मानव धर्म त एउटै हुन्छ । तर धर्ममा अनेक प्रकारका पाठ पूजा, विधि, चाडवाड, बाजागाजा, जात्रा, अवधारणा तथा वादहरू, जप, तप, मन्त्रहरू, तन्त्र, सङ्केतहरू मूर्ति पूजा र अगला मूर्तिहरू इत्यादि जोरजाम गरी अनेक रसरंग मिठासयुक्त चहलपहलहरू थपी थरी थरीका धर्म बनाइदिएका छन् र मानिसहरू यिनीहरूलाई नै धर्म सम्झेर भुलिरहन्छन् ।

यसरी नै धर्म थरी थरीका हुन गए । सँगै तेरो धर्म र मेरो धर्म भन्ने विखण्डन पनि शुरू हुनु स्वभाविक नै हो ।

अनि विखण्डनपछि विवाद, विवादपछि फूट, फूटपछि वैमनस्य, वैमनस्यपछि धार्मिक कलह, झगडा, युद्ध एवं रीतले मान्छेहरू धर्मको सारलाई छोडी बाहिरी संस्काररूपी खोस्टालाई नै धर्म सम्झी अलमललिन थाले ।

अत: आज जरूरत छ पुन: एक पटक र सदाको लागि निरर्थक बाहिरी निस्सार खोस्टालाई छोडेर धर्मको सारमा फर्कन । आज जरूरत छ सबै मिलेर सबैको हित र सुखको लागि काम गर्न, परिश्रम गर्न, मेहनत गर्न, सबैको हितमा सबै रमाउन, आफू र अरूमा विभेद त्यागी एकरूपता कायम गरी धर्मको सारमा फर्कन । किनकि धर्महरू थरी थरी देखिएतापनि धर्महरू भित्रको सार त एउटै छ ।

# भगवान् बुद्ध श्रेष्ठ समाज सुधारकको रुपमा....

प्राचीन चलनचल्ती, विचार, सोचाई, पूजा, कुलगोचर आदि दिर्घकालदेखि केहिपनि फरक नगरी आरक्षा गरेकोले इण्डिया (भारत) एउटा संग्रहालय जस्तै हो । सिद्धार्थ गौतम यस्तो युगमा जन्मनु भएको थियो । इण्डियाजस्तो कुलगोत्रवादि देशमा त्यस्तो समयमा जन्मनुभएको थियो । तत्कालीन समयमा सम्पूर्ण समाज चर्या नै ब्राह्मणहरूको हातमा थियो । ती समाज चर्यामा गल्तिहरू भएतापनि त्यसलाई औंल्याएर देखाउन निर्भिक, बुद्धिवान्, कोहि पनि थिएन । सबै राजाहरूले ब्राह्मणहरूबाटै अर्तिउपदेश लिने गर्दथे । त्यसकारण राजादेखि रैतिलेसम्म पनि ब्राह्मणलाई गौरव गर्दथे । भारतीयसमाजमा थरी थरीका मिथ्या विश्वास र धारणा सुद्ध गर्नको लागि सार्वभौम राजकुलीन वीर एकजना जन्मनुपर्ने आवश्यकता उत्पन्न भयो । समाजमा जरासम्म नै गाडिएको मिथ्या विचारहरूको विरूद्ध हुनु एक भयंकरको क्रिया थियो किनकी समाजविरूद्ध भएको खण्डमा जस्तोसुकै बलसंपन्न व्यक्ति पनि हारिन्छ । श्रेष्ठ राजवंशमा जन्मेर श्रेष्ठताको उदाहरण दिंदै सारा सम्पत्ति परित्याग गरेर आत्मार्थकामिबाट अलग्गिएर भगवान् बुद्धले यस्तो दुष्कर काम अविहिंसावादी भई शान्तदान्त स्वरूपमा बसी जिम्मा लिनुभयो । जिम्मा लिएर राजनीति गर्ने व्यक्ति, एकजना तपश्वीको रूपमा अगाडि आउनुभयो । तापनि भगवान् बुद्धले समाज परिवर्तन गर्न आएका अरू समाजवादीहरूले जस्तै प्रशंसा सँगसँगै निन्दा पनि सहनुपऱ्यो । एकातिर लाखौं जनताहरू वहाँको वरिपरि बसी वहाँलाई गौरव गरे भने अर्कोतिर वहाँको हत्यागर्न उपाय रच्न थाले । वहाँलाई स्त्री दूषण र ज्यानमाराको आरोप पनि लगाइदियो । वहाँको आदर्श चरित्र र उत्तम विचार धाराले वहाँलाई सदा रक्षा गरिरह्यो ।

भगवान् बुद्धले सर्वप्रथम समाजमा माथिल्लो तहमा बसेका ब्राह्मणहरूका विरूद्धमा प्रहार गर्नुभयो । उनीहरूको यज्ञ होम र कुलभेदमा विरोध गर्नुभयो । जुनसुकै महत्वपूर्ण काम नै किन नहोस् प्राणी हिंसा गर्नुजस्तो ठूलो पापक्रिया केहि पनि छैन भनी तत्कालीन समयमा चल्दैआएको बलि पूजाको विरूद्ध उभिनुभयो । मानसिक स्वतन्त्रतासम्म पनि नभएका स्त्रीहरूलाई स्वतन्त्रता दिलाई दिनुभयो । यदि बुद्धिले भरिपूर्ण छ भने स्त्री हुादैमा के भयो र भनी वहाँले बारम्बार प्रश्न गर्नुभयो ।

कोशल राजा भगवान बुद्धकहाँ गएर वहाँलाई भेटेर सँगै बसेर कुराकानी गरिरहेको बेला एकजना राजदूत गएर महारानी मल्लिका देवीले छोरी पाएको कुरा कानमा गएर अरू कसैले नसुन्ने गरी भनेको कुरा सुन्नसाथ राजाको .मुख अँध्यारो भयो । राजाको मुख देखेर “महाराज स्त्रीहरू पनि श्रेष्ठ दक्ष बुद्धिमती हुन्छन् । मल्लिका देवीले पाएकी छोरीको राम्रोसँग पालन पोषण गनुहोस् । बुद्धिमती, शीलवती, सासु ससुराहरू देवत्वमा राख्ने, प्रतिवति रक्षा गर्ने स्त्रीहरू उत्तम हुन्छ । त्यस्ता छोरीहरू राज्यपालनको लागि पनि सुहाँउदछ” भनी भगवान् बुद्धले भन्नुभयो ।



भिक्षु सरणंकर

इत्थिपि एकच्छिया- से□य पोस जनाधिप

मेधाविनी सीलवती- सस्सु देवा पतिब्बता

तादिसा भगिनिया पुत्तो- रज्जम्पि अनुसासति (संयुक्त निकाय- कोसल संयुक्त)

बुद्धको उपदेश सुनिसकेपछि बल्ल राजाको मुखमा उज्यालो किरण छाएको थियो ।

बुद्धि वर्धन, पढ्ने, पढाउने, शास्त्र सिक्ने, उपदेश दिने एकाधिकार ब्राह्मणहरूबाट छिन्नुपर्ने र ती सबै हावा, पानी, किरणझैं सबैलाई समानता हुनुपर्छ भनी भगवान् बुद्धले भन्नुभयो । ब्राह्णहरूको विरूद्धमा सर्वप्रथम महानजनताको अगाडि देशना गर्नुभएको देशक, समाज सुधारक भगवान् बुद्ध हुनुहुन्छ । ब्राह्मण धर्मको विरूद्ध जति जति देशना वहाँले गर्दै जानुभयो उति उति बुद्धिमानी ब्राह्मणहरू वहाँको शरणमा आए । भिक्षु बन्न आए । वहाँको दायाँ बायाँ बस्ने अग्रश्रावकहरू दुईजना पनि ब्राह्मण कुलबाटै आएका सारिपुत्र मौदगल्यान थिए । बुद्धधर्मका विरूद्धवादी ब्राह्मणहरू वहाँको विरूद्धमा उभेर वहाँलाई “मुण्डक,” “वशल” आदि भनी निन्दा उपहास गर्नुभयो । भगवान् बुद्धले आफू जन्मनुभन्दा पनि पहिलादेखि चल्दैआएको नीतिनियम स्वीकार्नु भएन । मानिसको मूल्य, दक्षता, जात वा कूलले होइन उसको चरित्र र क्रियाकलापले चल्नुपर्दछ भनी निर्भिकभै भन्नुभयो । मानिस मानिसबाट नै छुट्टाउने पर्खालजस्तो कूलभेद क्रम अस्विकार गर्नुभएको भगवान् बुद्धले ब्राह्मण कूलबाट भिक्षु बन्न आएका वासेट्ठ भन्ने भिक्षुसँग एकदिन यस प्रकारले छलफल गर्नुभयो ।

भगवान् बुद्ध– वासेट्ठ तिमी ब्राह्मण कूलबाट आएका हौ । यदि बाटोमा जाँदा ब्राह्मणहरू भेटेको खण्डमा तिनीहरूले गालि गर्ने, निन्दा गर्ने आदि गर्दछ की गर्दैन ?

वासिष्ठ– भगवान् शास्ता ! ब्राह्मणहरू भेट हुँदा उनीहरूले मलाई गाली गर्छ ।

बुद्ध– के भनी गाली गर्छ ? के भनी निन्दा गर्छ ?

वासिष्ठ - ब्राह्मणहरू मात्रै उच्च कूलिन जाति हो शुद्ध जाति हो । महाब्रह्माको मुखबाट ब्राह्मणहरू मात्रै जन्मेका थिए ।[1] ब्राह्मणहरू बाहेक अरू सबै तल्लो नीच कूलिन हो । तिमी उच्च श्रेष्ठ ब्राह्मण कूल छोडेर महाब्रह्माको पैतालाबाट जन्मेको मुण्डक श्रमणहरूकहाँ गयौ भनी मलाई गाली गर्दछ निन्दा गर्दछ ।

बुद्ध– वासिष्ठ के तिमीले तरूणी ब्राह्मणीहरू, गर्भवती ब्राह्मणीहरू, बच्चा जन्माएका ब्राह्मणीहरू, बच्चाहरूलाई दूध पिलाउने ब्राह्मणीहरू देखेका छौ ?

वासिष्ठ: देखेको छु धेरै त्यस्ता ब्राह्मणीहरू देखेको छु ।

बुद्ध– त्यसोभए सबै ब्राह्मण ब्राह्मणीहरू गर्भबाट जन्मिन्छ भनी के तिमी स्वीकार्छौ ?

वासिष्ठ - स्वीकार्छु म अवश्य पनि स्वीकार्छु ।

बुद्ध– त्यसोभए ब्राह्मणहरू मात्र महाब्रह्माको मुखबाट जन्मन्छ भनी किन भन्दछ ? त्यो जस्तो ठूलो झुटो अरू के छ र ? आमाको गर्भबाट जन्मेर पनि ब्राह्मणहरू महाब्रह्माको मुखबाट जन्मे भन्नु नै महाब्रह्मालाई निन्दा गरेको हो उपहास गरेको हो । त्यसो भए ब्रह्माहरूको अति नै गौरवणीय ब्रह्मा देवताको मुख बच्चा जन्माउने ठाउँ हुनु पर्‍यो अनि आइमाई पनि हुनुपर्थ्यो । आफ्नै वंशको गौरव बढाउँदा थाहै नपाई आफ्नै परमपूज्य देवताको निन्दा गरेको चालै पाएनछ । (दीघनिकाय-अग्गञ्ञ सुत्त)

जम्बुद्विपवासीहरू एक कूललाई मात्र ब्राह्मणको संज्ञा दिइरहेका थिए । चाहे तिनीहरू जतिसुकै कडा स्वभावका नीच, नराम्रो काम गर्ने नै किन नहोस् । तर ब्राह्मण भन्ने शब्दको यथाथर्ता, हेरेपनि प्राचीन ब्राह्मणहरूको आचार धर्मअनुसार हेरेपनि आज भएका ब्राह्मणहरूलाई ब्राह्मणको संज्ञा दिन मिल्दैन । म यस्तो व्यक्तिहरूलाई मात्र ब्राह्मण भन्दछु भनी वहाँले भन्नुभयो ।

न जटाहि न गोत्तेन
न जच्चा होति ब्राह्मणो
यम्हि सच्चं च धम्मो च
सो सुची सो च ब्राह्मणो

जटा बाँढ्नैमा होस्, गोत्रले होस् वा जातिले कोहिपनि ब्राह्मण हुदैन । जोसँग सत्यता, धर्मता छ उ नै सच्चा ब्राह्मण हो ।

यस्स कायेन वाचाय
मनसा नत्थि दुक्कतं
संवुतं तीहि ठानेहि
तमहं ब्रुमि ब्राह्मणं

जसले शरीर वचन र मनले गल्ति गर्दैन त जसले त्रिद्वार संवर गर्दछ उ नै सच्चा ब्राह्मण हो ।

अक्कोसं वध वन्धञ्च
अदुट्ठो यो तितिक्खति
खन्ती वलं वलाणीकं
तमहं ब्रुमि ब्राह्मणं

दुष्टता नभएको, निन्दा गालि र बध हिंसा जसले सहन्छ उ नै सच्चा ब्राह्मण हो ।

अविरूद्धं विरुद्धेसु
अत्त दण्डेसु निब्बुतं
सादानेसु अनादानं
तमहं ब्रुमि ब्राह्मणं

विरूद्धवादीहरूको बीचमा जो मित्रको रूपमा बस्छ, हिंसकहरूको बीचमा जो अविहिंसावादीभै बस्छ, तृष्णाले बन्धितभै बसिरहेको माझ जो तृष्णारहितभै बस्दछ त्यो व्यक्ति नै सच्चा ब्राह्मण हो । (धम्मपद- ब्राह्मण वर्ग)

तत्कालीन समाजमा नीच कूल वसल चण्डाल भनी हेला गरेर छुट्टाएका समूहलाई भगवान् बुद्धले कहिले पनि वसलको रूपमा स्वीकार्नु भएन । तिनीहरूलाई पनि प्रव्रजित हुनको लागि मौका दिनुभयो । वहाँको दृष्टिकोणमा–

कोधेनो उपनाही च पाप मक्खीव यो नरो
विपन्न दिट्ठी मायावी तं जञ्ञा वसलो इति

जो हरेक क्षणमा रिसाउँछ, वैरी भैरहन्छ, वैगुणी पापी हुन्छ, मिथ्या दृष्टिक हुन्छ, आफ्नो गल्तीहरू लुकाउँदछ, त्यस्ता व्यक्तिहरू वृशल हुन् ।

यो हवे इण मादाय चुज्जमानो पलायति
नहि ते इणमत्थिति तं जञ्ञा वसलो इति

जसले ऋण लिएर साहुले माग्दा दिँदैन, भागेर जान खोज्छ, छली छली हिँड्न खोज्छ त्यस्ता व्यक्तिहरूलाई वसल (चण्डाल) भनिन्छ ।

यो मातरं वा पितरं वा जिण्णकं गत योवनं
पहूसन्तो न भरति तं जञ्ञा वसलो इति

जसले क्षमता भैकन पनि दुर्वल भएका आफ्ना आमाबुबाको स्याहार सुसार गर्दैन, वास्ता नगरी छोडिदिन्छ त्यस्ता व्यक्तिलाई वशल भनिन्छ ।

क्रमश........

१. मनुस्मृति

# रामग्राम स्तूप

- शंकर लाल चौधरी
पूर्वसचिव, नेपाल सरकार

राम ग्राम हालको नवरपरासी जिल्लाको सदरमूकाम हो । यो ठाउँ अति नै पुरानो हो । फाहियान र ह्वेनसाङ्ग जस्ता चीनी यात्री पाँचौं र सातौं शताब्दी (४०३ र ६३६ ए.डी.) तिर राम ग्रामको वर्णन गरेको पाइन्छ । उनीहरूकाअनुसार यहाँ थारूहरूको बस्ती थियो तर रामग्राम खास बस्ती अति नै उजाड अवस्थामा थियो । नगरको अवस्था कमजोर थियो र खास रामग्राममा थोरै बासिन्दाहरू थिए । आजभन्दा २५०० वर्ष पहिला कोलिय वंशका राजाले बुद्धको महापरिनिर्वाणपछि आठ भागको एक भाग अस्तुधातु ल्याएर बौद्धस्तूप १०० फुट उचाईको बनाएको थियो । जो आज पनि सानो तलाव (ताल) को छेउमा छ । त्यहाँका बासिन्दाअनुसार बेला बेलामा ईश्वरीय प्रकाशहरू बल्थे र यी प्रकाश स्तूपको चारैतिर देखा पर्दथे । स्तूपको छेउमा एउटा ताल छ । त्यो तालमा एउटा नाग (सर्प) बस्दथ्यो र स्तूपको चारैतिर लपटेर दाहिनेतिर बस्दथे । बेला बेलामा स्तूप र तालको वरिपरि पनि घुम्दथे । स्तूपको इज्जत गर्न नै त्यो नाग बसिराखेको हुन्थ्यो । जंगली हात्तीहरूको झुंड आएर फूलसंगै ल्याएर यहाँ चढाउँथे । यस किसिमको क्रम शुरुदेखि हालसम्म भइरहेको पाइन्छ ।

पुरानो समयमा सम्राट अशोकले सात ठाउँबाट ( भगवान् बुद्ध) को अस्तुधातु झिकेर ८४,००० स्तुप निर्माण गरेको वर्णन पाइन्छ र सोहीअनुसार यहाँको स्तुपको पनि अस्तुधातु झिकेर स्तुप बनाउने योजना थियो । सोही क्रममा सम्राट अशोकले रामग्रामको स्तुपको अस्तुधातु झिकेर नयाँ स्तुप बनाउने विचार गरेको तर यो काम शुरु गर्ने बित्तिकै नाग (सर्प) को रूपबाट ब्राह्मण (मनुष्य) को रूप धारण गरेको र सम्राट अशोकले चढेको हात्तीको अगाडि खुट्टा टेकेर प्रार्थना गर्न थाल्यो । ब्राह्मणले भन्यो- सम्राट तपाईले सात देशको स्तुपको अस्तुधातु झिकेर नयाँ स्तूप बनाएर राम्रो धर्म गर्नुभयो तर यस ठाउँको स्तुपको अस्तुधातु झिक्न पाईदैन । यो अस्तुधातु झिक्नुभन्दा पहिला मेरो निवास भ्रमण गर्नुहोस् । सम्राटले पनि सोहीअनुसार तालको नजिकै ब्राह्मणको निवास भ्रमण गरेको । नागले भन्यो- म यस तालको नाग राजा हुँ र कुकर्म गर्दा मेरो जन्म नाग (सर्प) मा भएको र यो कर्मबाट बच्न र अर्को जन्ममा मनुष्यमा जन्म लिनको लागि म यहाँ भगवान् बुद्धको स्तुपको सेवा र रक्षा गरिरहेको छु । म पुरानो नराम्रो कर्मबाट मुक्ति पाउन यो सेवा र धर्म गरिरहेको छु ।



यति भन्दै पुनः नागले सम्राटसँग प्रार्थना गऱ्यो कि तपाईले स्तुपलाई पूजा गर्ने हिसाबले स्तुप र नजिक जानुस् र निरीक्षण गर्नुस् । त्यहाँ भएका पूजाका सामग्रीहरू देखेर सम्राटलाई आश्चर्य पनि भयो र डरलाग्यो पनि । मनुष्यको पूजा सामग्रीहरूभन्दा अलग थियो । त्यहाँको वातावरण अचम्म र असाधारण किसिमका थिए । सम्राटजस्ता पनि बहुतै धर्म संकटमा परे ।

यति देखेर सम्राटले स्तुपबाट अस्तुधातु लिन आाट गरेन र आफ्नो शक्तिभन्दा बाहिरको कुरा हो । उनले आफ्नो शक्ति नाग राजाको शक्तिबाट दाँज्न सकेन र अन्तमा स्तुपबाट अस्तुधातु झिक्ने योजना त्यागेर आफ्नो बाटो लागे ।

यसैको नजिक एउटा संघाराम विहार छ जहाँ केही पुजारीहरू हुन्छन् र सबै ब्यबस्था गर्छ । पुजारीहरूको चरित्र र ब्यवहार आदरणीय छन् । तीमध्ये एक जनाले यहाँको सबै ब्यवस्था गर्छ । बाहिरबाट आएका पाहुना र कुनै पूजारी आएमा खाना बस्न, लुगा र औषधीको सबै ब्यवस्था हुन्छ । तीन दिनसम्म सबै ब्यबस्था यसै समाजबाट हुन्छ । यहाँ कुनै किसिमको दुःख र तकलिफ हुँदैन । पाहुनाहरू स्वतन्त्रतापूर्वक बस्ने गर्दथे ।

पुरानो चलनअनुसार यहाँ टाढा टाढाबाट भिक्षुहरू आएर स्तुपलाई पूजा गर्दथे र जान्थे । उनीहरूका अनुसार जंगलबाट झुंडका झुंड हात्तीहरू आउने र आफूसंग फूल, घाँस झारपात र पानी ल्याउँदथे । ती हात्तीहरू फूलहरू र घाँस झारपात स्तुपको चारैतिर छुने र पानी पनि सुंडले छर्कन्थे । यो क्रम बरोबर भइरहन्थे । जब यो दृश्य

भिक्षुले देखेपछि हात्तीहरू बहुतै खुसी हुन्थे ।

भिक्षुले स्तुपलाई सफा गर्ने फूल चढाउने पानी छर्ने आदि दैनिक काम जस्तै भएको थियो । भिक्षुको अनुसार म यो स्तुपलाई यसरी सफा गर्ने फूल र पानी चढाउने काम गरिरहने छु । जबसम्म यी जंगली हात्तीहरूको उद्देश्य पुरा हुँदैन् । म आफ्नो सारा जीवन यसरी नै बिताउने छु । तब ती हात्तीहरूले भने तपाई आफ्नो भाग्यको काम गर्नुस् हाम्रो लागि सारा जीवन नबिताउनुस् । तपाईको जे इच्छा छ गर्नुस् हाम्रो लागि न सोच्नुस् ।अनि भिक्षुले विचार गरे यो स्तुपमा बुद्धको अस्तुधातु भएकोले नै यसमा चमत्कारी शक्ति छ र जंगली हात्तीले यस्तो गर्छन् । जंगली हात्तीहरूको पनि पुरानो पाप थियो र त्यसले गर्दा उनीहरू हात्तीमा जन्म लियो र त्यसबाट मुक्ति पाउन बुद्धको स्तुप जसमा अस्तुधातु थियो । यसरी पानी, फूल, झारपात चढाउँदथे । यी कुरा सुनेर ती भिक्षुले आफ्नो सारा जीवन त्यही बिताउने योजना गरे । पछि गएर नदीको छेउमा पानसाला घाँस झारपात र हाँगाहरू बनाए जो फूलको काम गर्दथे र सरसफाई फूल तथा पानी चढाउने काम गर्दथे । यस किसिमको क्रम भिक्षुको जीवनभरिको काम नै हुनगयो र कुनै नयाँ योजना बनाउन चाहेन ।

पछि यी कुरा सुनेर छिमेकी राजाहरूले संघाराम पनि बनाइदिए र भिक्षुलाई धेरै धनसम्पत्ति पनि दिए र त्यस संघारामको प्रमुख पनि बनाइदिए । त्यसपछि यो नै प्रथा हुन गयो र कुनै नयाँ परिवर्तन भएन । यो प्रथा यथावत कायमै छ ।यसबाट के थाहा हुन्छ कि भगवान् बुद्धको अस्तुधातु आठ भागको एकभाग यही रामग्रामको स्तुपमा सुरक्षित छ र अरु कहीं कतै सुरक्षित छैन् । सातै ठाउँको अस्तुधातु झिकेर नयाँ स्तुप सम्राट अशोकबाट बनाई चारै दिशामा प्रचार गराएको रामग्राम खास गरेर कोलिय वंशका थारुहरूले यस्तो ऐतिहासिक अस्तुधातुलाई संरक्षण गरेर राखेको र विश्वलाई चकित पारेकोमा त्यस वंशजका सन्तान थारुहरू धन्यवादको पात्र हुन् । यो कुरा हिजो आजको होइन २५०० वर्ष पहिलाको कुरा हो । यसको श्रेय बुद्धको सन्तान रामग्राम बासीलाई जानै पर्छ । यसको विकासको लागि सम्बन्धित निकायको ध्यान जानु अति आवश्यक छ ।

श्रोत: Buddhist Records of the western world, by Samuel Beal

# मानव - प्रकृति

श्रामणेर शीवली

१. बुद्धप्रकृतिको पवित्रतालाई ढाक्ने एवं त्यसलाई अपवित्र पार्ने दुई प्रकारका सांसारिक राग हुन्छन् । पहिलो विश्लेषण र छलफल गर्न राग हो, जसको कारणले मानिसहरूको विवेक भ्रममा पर्दछ । दोस्रो आवेगको अनुभवको राग हो जसको कारणले मानिसहरू मान्यताहरूप्रति भ्रममा पर्दछन् ।

तर्कको मोह तथा व्यवहारको मोह दुवैलाई सबै मानवी क्लेशको एक वर्गीकरण भनी भन्न सकिन्छ, तर वास्तवमा तिनको आधार, दुई मौलिक सांसारिक कष्टकर अवस्था हुन् । पहिलो अज्ञान हो र दोस्रो तृष्णा हो ।

तर्कका मोह अज्ञानमा आधारित हुन्, र व्यवहारका मोह तृष्णामा आधारित छन्, तसर्थ यी दुबै रचना वास्तवमा एकै हुन्, र संयुक्तरूपमा सबै सांसारिक दुःखका मुहान हुन् ।

यदि मानिसहरू अज्ञानी छन्, भने उनीहरूले सही एवं निःशंक तर्क गर्न सक्दैनन् । उनीहरू जसै अस्तित्वका निमित्त तृष्णाको पासोमा पर्दछन्, सबै कुरा समात्ने, टाँसिने र आसक्तिको उत्पत्ति अनि अनिवार्यरूपले त्यसैबाट हुन्छ । देखिने र सुनिने प्रत्येक राम्रो वस्तुको यसै निरन्तर पिपासाले नै मानिसहरूलाई स्वभावको मोहतर्फ लग्दछ । केही मानिसहरू शरीरको मृत्युको तृष्णातर्फ पनि समर्पित हुन्छन् ।

यी प्राथामिक मुहानहरूबाट नै लोभ, क्रोध, अज्ञान, मतिभेद, रीष, ईर्ष्या, अतिप्रशंसा, कपट, घमण्ड, उपेक्षा, स्वार्थजस्ता कुराको उत्पत्ति र उदय हुन्छ ।

२. संतुष्टिसम्बन्धी भ्रान्त, धारणाबाट लोभको उत्पत्ति हुन्छ, आफ्नो सम्बन्धमा तथा आफ्नो वरिपरिका सम्बन्धमा भ्रान्त धारणाबाट द्वेषको उत्पत्ति हुन्छ, सही आचार के हो निर्णय गर्न क्षमता नभएर नै अज्ञानको उत्पत्ति हुन्छ ।

लोभ, द्वेष र अज्ञान – यी तीनैलाई संसारका तीन अग्नि भनिन्छ । लोभको कारणले गर्दा जसले सत्य मन हराएका हुन्छन्, तिनलाई द्वेषको अग्निले विनष्ट गर्दछ, जसले बुद्धको उपदेश नसुनेर तथा वास्ता नगरेर आफ्नो सत्य मन हराएका हुन्छन्, तिनलाई अज्ञानको अग्निले विनष्ट गर्दछ । वास्तवमा यो संसार कैयन एवं विभिन्न प्रकारको अग्निले जलिराखेको छ । यहाँ लोभाग्नि छ, द्वेषाग्नि छ, अज्ञानरूपी अग्नि छ, मोह र अहंको अग्नि छ, जरा, व्याधि, र मृत्युका अग्नि छन् तथा दुःख विलाप, वेदना र व्यथाका अग्नि छन् । चारैतर्फ यी अग्नि छन्, तथा दुःख विलाप, वेदना र व्यथाका अग्नि छन् । चारैतर्फ यी अग्निका ज्वाला प्रज्वलित छन् । यी अग्नि स्वयंलाई मात्र जलाउने होइनन्, यिनले अरूलाई पनि दुःखमा पुऱ्याउँछन् एवं अरुहरूलाई शरीर वचन तथा मनद्वारा कुत्सित कार्य गर्न लगाउँछन् । यी अग्निका दाहले क्षत-विक्षत ठाँउबाट निस्कने पीपलाई जसले हुन्छ तिनलाई नै दूषित एवं विषालु पारिदिन्छ र पापको मार्गतर्फ लगाउँछ ।

३. सन्तोष भएतापनि लोभको उत्पत्ति हुन्छ, असन्तोष भए तापनि द्वेषको उत्पत्ति हुन्छ, तथा अपवित्र विचारहरूबाट अज्ञानको उत्पत्ति हुन्छ । लोभको दुविकारमा कम क्लेश हुन्छ तर यसलाई हटाउन सजिलो छैन्, द्वेषको दुविकारमा धेरै क्लेश हुन्छ र यसमाथि विजय प्राप्त गर्न साह्रै कठिन हुन्छ ।

तसर्थ मानिसहरूले यी अग्नि जहाँ जहिले देखापर्छन् तिनलाई निभाउनुपर्दछ । यसो गर्दा उनीहरूले वास्तविक सन्तुष्टिले के दिन सक्दछ त्यसको सही निर्णय गर्न सक्नुपर्दछ, जीवनका असन्तोषपूर्ण वस्तुहरू भएतापनि, मनलाई पूर्णतया नियन्त्रण गर्नुपर्दछ र साथै बुद्धको सद्भावना तथा दयाको उपदेश सदैब स्मरण गर्नुपर्दछ । यदि मन, बुद्धिमत्तापूर्ण स्वार्थरहित विचारले भरिएको छ भने, सांसारिक रागले जरो गाड्ने कुनै स्थान रहन्न ।

४. लोभ, द्वेष र अज्ञान भनेको ज्वरजस्तो हो । यदि कुनै व्यक्तिलाई यो ज्वरो आयो भने, ऊ एक आरामपूर्ण कोठामा सुतेकोछ भने तापनि, उसले दुःख पाउँछ एवं निद्रा नपरेर पीडित रहन्छ । जसलाई यस्तो ज्वरो आएको हुन्छ, उनीहरूलाई जाडोको रातमा मामली पात पतिङ्गर ओछ्याएको भुइँमा अथवा गर्मीको रातमा एक सानो बन्द कोठामा पनि शन्तिपूर्वक निन्द्रा पर्न कुनै कठिनाई हुन्छ ।

लोभ, द्वेष र अज्ञान, यी तीनै कुरा सबै मानवीय विपत्तिका मुहान हुन यी विपत्तिका मुहानबाट मुक्ति पाउन, कसैले पनि शील पालन गर्नुपर्दछ । मनको समाधि गर्नुपर्दछ तथा उसमा प्रज्ञा हुनु पर्दछ । शील पालनाले लोभको क्लेश हटाउँछ, मनको सम्यक् समाधिले द्वेषको क्लेश हटाउँछ एवं प्रज्ञाले अज्ञानको क्लेश हटाउँछ ।

५.मानिसका तृष्णाहरू अन्त्यरहित हुन्छन् । यो त्यस मानिसको प्यास जस्तो हो जसले नुनीलो पानी खान्छ उसले कुनै सन्तुष्टि पाउन्न तथा उसको प्यास केवल बढद्छ ।

आफ्नो तृष्णा पूर्ति गर्न खोज्ने मानिसको स्थिति पनि त्यस्तै हो, केवल उसको असन्तोष बढेर जान्छ र उसका विपत्तिहरू गुणित हुँदै जान्छ । तृष्णाको कहिल्यै पनि पूर्ति हुँदैन, यसले केवल

अस्थिरता तथा क्रोध मात्र बढाउँछ र यसलाई कहिल्यै पनि हटाउन सकिन्न र त्यसपछि यदि उसको तृष्णाको तृप्ति कतै रोकियो भने त्यसले उसलाई प्राय "पागल" समेत बनाउँछ । आफ्नो तृष्णा तृप्तिको निमित्त, मानिसहरू परस्परमा संघर्ष र द्वन्द्व गर्दछन्, राजाका विरुद्ध राजा, दासका विरुद्ध दास, सन्तानका विरुद्ध बावु आमा, भाईका विरुद्ध भाई, बाहिनीको विरुद्ध बहिनी, मित्रका विरुद्ध मित्र, तिनीहरू आफ्नो तृष्णा तृप्ति निमित परस्परमा संघर्ष गर्दछन् एवं एक अर्काको हत्या समेत गर्दछन् ।

आफ्नो तृष्णा तृप्तिको प्रयत्नमा मानिसहरू प्राय: आफ्नो जीवन विनष्ट गर्दछन् । उनीहरू चोर्दछन्, ठग्दछन्, तथा परस्त्री गमन गर्दछन्, र अनि यस कारणले समातिएर प्रतिष्ठा गएपछि र यसबाट दण्ड पाए पछि दु:खित हुन्छन् । उनीहरू आफ्नै शरीर र वचनका विरुद्ध पाप गर्दछन्, आफ्नै मनका विरुद्ध पाप गर्दछन् सन्तुष्टिले उनीहरूमा अन्ततोगत्वा दु:ख र क्लेश उत्पन्न गर्दछ । कुरा पूर्णरुपले थाहा पाउँदा पाउँदै पनि तृष्णा भनेको यस्तो अति प्रवल हुन्छ । र अनि पुनर्जन्ममा पाइने विभिन्न दु:ख र यसका वेदना उनको पछि पछि लाग्दछन् ।

६. सबै सांसारिक रागमध्ये दुर्वासना सबभन्दा तीव्र हुन्छ । अन्य सबै सांसारिक राग यसका संगसंगै जाने देखिन्छन् दुर्वासनाले नै अन्य राग उत्पन्न हुने माटो प्रदान गर्ने देखिन्छ । दुर्वासना भनेको एक राक्षस सरह हो । जसले संसारका सबै असल कर्महरू खाएर नष्ट पार्दछ । दुर्वासना भनेको फूलको बगैंचामा लुकिराखेको एक विषालु सर्प हो, जो सौन्दर्य मात्रको खोजीमा आउछन्, तिनलाई यसले डस्दछ । दुर्वासना रूखमा चढेको एक लता हो जो रूख नसुकुन्जेल हाँगाहरूमाथि फैलिन छाड्दैन । दुर्वासनाले मानव आवेगलाई घेर्दछ र सद्‌विचारलाई मन नओइलाईन्जेलसम्म शोषण गरी राख्दछ । दुर्वासना भनेको कुनै दुष्ट राक्षसले राखेको त्यो चारा हो जसलाई अज्ञानी मनुष्यले झंटेर लिन खोज्दछन् र अनि पापको संसारमा तलसम्म तानिन्छन् ।

यदि कुनै सुकेको हाडको टुक्रामा रगत लतपत्याएर कुकुरलाई दियो भने कुकुरले नफ्याँकुन्जेल र हतोत्साहित नहुन्जेल त्यो हाडको टुक्रा टोकी राख्दछ । दुर्वासना भनेको मानिसका निमित्त कुकुरलाई दिएको ठीक त्यस्तै हाडको टुक्रा सरह हो । जसप्रति उ नफ्याकुन्जेलसम्म लोभ गरी राख्दछ ।

दुई जंगली पशुका समक्ष सिनुको एक टुक्रा फाल्यो भने ती दुबै जनावर त्यो टुक्रा पाउन परस्परमा नङग्रा गाडेर झगडा गर्दछन् । यदि कुनै मानिसले मूर्खतावश हावाको दिशा विपरीत राँको बोक्यो भने, उसले आफैलाई जलाउन सक्ने छ । उपरोक्त दुई जंगली पशु एवं उपरोक्त मुर्ख व्यक्तिसरह मानिसहरू जाफ्नो सांसारिक तृष्णाले गर्दा आफूलाई आघात पुऱ्याउँछन् एवं जलाउँछन् ।

७. बाहिरी शरीरलाई विषालु वाणबाट रक्षा गर्न सजिलो छ । तर आफ्नो शरीर भित्रबाट उत्पन्न हुने विषालु वाणबाट आफ्नो मनको रक्षा गर्न असंभव छ । लोभ, द्वेष, अज्ञान र अहंकारप्रतिको मोह यी चार विषालु वाणको असंभव छ । लोभ, द्वेष, अज्ञान र अहंकारप्रतिको मोह यी चार विषालु वाणको उत्पत्ति मनभित्रबाट हुन्छ तथा यसलाई प्राणनाशक विषले दूषित गरिदिन्छ ।

यदि मनुष्यहरू लोभ, द्वेष र अज्ञानले दूषित भए भने, उनीहरू असत्य बोल्दछन् ठग्दछन्, निन्दा गर्दछन् र दुई-जिब्रे हुन्छन्, र त्यसपछि यी शब्दहरूलाई हत्या, चोरी तथा परस्त्रीगमनद्वारा यथार्थ रूप दिन्छन् ।

मनका यी तीन दु:खावस्था, यी चार कुत्सित शब्द तथा यी तीन दुराचारलाई जोड्यो भने जम्मा दश अकुशल हुन्छन् ।

यदि मानिसहरूमा झुठो बोल्ने बानी परेको छ भने उनीहरूले सचेत नभइकन नै हरसंभव अनुचित कर्म गर्दछ र जब उनीहरू एकपल्ट झुठो बोल्न थाल्दछन् भने उनीहरू चिन्तित नभई दुष्टतापूर्ण कार्य गर्न थाल्दछन् लोभ, दुर्वासना, त्रास, क्रोध, दूर्भाग्य, दु:ख सबैको उत्पत्ति अज्ञान हुन्छ । तसर्थ अज्ञान विषहरूमध्ये सबभन्दा कडा हो ।

८. तृष्णाबाट कर्मको उत्पत्ति हुन्छ, कर्मबाट दु:खको उत्पत्ति हुन्छ, तृष्णा, कर्म र दु:ख अनन्तरूपले घुमी राखेका पाङग्रासरह हुन् ।

यस पाङग्राको यो घुम्ने कार्यको न त प्रारम्भ हुन्छ न त अन्त हुन्छ । त्यसैले मानिसले यस्तो पुनर्जन्मबाट कसरी उम्कन सक्ने हो ? पुनर्जन्म चक्रको यो अनन्त प्रत्यावृत्तिमा एक जन्मपछि अर्को जन्म हुन्छ ।

यो नित्य पुनर्जन्म आफू भष्म भष्म भएको हाड र खरानीको कसैले संग्रह गऱ्यो भने, यो संग्रह पर्वतजस्तै अग्लो हुनेछ र यदि कसैले आफ्ना पुनर्जन्महरूमा आमाहरूको खाएको दूध जम्मा पार्यो भने, त्यो समुद्रभन्दा पनि गहिरो हुनेछ । अद्यापि सबै मनुष्यमा बुद्ध - प्रकृति हुन्छ तर यो सांसारिक रागको क्लेशमा ज्यादै तल गाडिएकोले यसलाई धेरै कालसम्म थाहा पाइन्न । त्यसै निमित्त दु:ख यस्तो सार्वभौमिक हुन्छ एवं दु:खले भरिएको अन्त्यरहित पुनर्जन्म भइरहन्छ । तर जसरी लोभ, द्वेष र अज्ञानप्रति आफूलाई समर्पण गरेर पाप कर्मको संग्रह भई पुनर्जन्म हुन्छ, त्यस्तै गरी बुद्धको उपदेश पालन गर्नाले पापका मुहान पवित्र हुन्छन् एवं दु:खले भरिएको यस संसारमा पुनर्जन्मको अन्त्य हुन्छ । ■

# सुकर्म गरौं

- श्रामणेर नारद

कुसो यथा दुग्गहितो हत्थ'मेवानुकन्तति ।
सामञ्ञं दुप्परामत्थं निरयायूपकड्ढति ।

यं किञ्चि सिथिलं कम्मं संकिलिट्ठं च यं वतं
संकस्सरं ब्रह्मचरियं न तं होति महप्फलं ।

कयिरा चे कयिराथेतं दल्हमेतं परक्कमे
सिथिलो हि परिब्बाजो भिय्यो आकिरतेरजं ।

*धम्मपद ३११,३१२,३१३*

यथा कुसो दुग्गहितो - जस्तै गल्तिले समातेको कुश झारले हत्थं एव अनुकन्तति – हात काट्छ । दुप्पराकत्थं सामञ्ञं – त्यस्तै गरी गलत आकारले पुरा गरेको प्रव्रजित भाव, निरयाय उपकड्ढति – नरकमा जानेछ (भोग्नेछ) । सिथिलं यं किञ्ची कम्मं – त्यति वास्ता नगरी सजिलासँग गर्ने केही कुशल क्रिया छ भने, संकिलिट्ठं – त्यो अपवित्र छ भने, यं वतं च – त्यस्तै दैनिक कार्य छ भने, संकस्सर – त्यसमा संङ्का लिनु पर्छ, ब्रह्मचरियं – त्यसमा ब्रह्मचरिय पालन गर्नुभएको व्यक्ति प्रवजितको, तं महप्फलं न होति – महा फल हुँदैन (पाउँदैन) ।

चे – यदि, कयिरा–कुशल कर्म गर्छ भने, कयिर ाथ– त्यो राम्रासँग विचारपूर्वक गर्नुपर्छ, एतं–त्यसरी गऱ्यो भने पुण्य हुन्छ । कुसल हो । परक्कमे– गर्दा उत्साहले गर्नु पर्छ, हि- वास्तामा सिथिलो चाहिए पनि नचाहिए पनि भनेर विचारपूर्वक क्रिया गर्दैन भने परिब्बाजो- प्रव्रजित भावमा भिय्यो- धेरै नोक्सान र रजं- रागादी क्लेशले आकिरते टड्पाउँछ (सताउँछ) ।

गल्तिले कुश झार समात्यो भने त्यसमा भएका तिखो काँडाले हात काट्छ । त्यसैगरी गलत आकारले प्रव्रजित भव पुरा गर्छ भने, पालन गर्छ भने त्यो प्रवजित नरकमा जानेछ । अथवा दु:ख भोग्नेछ । कसैले कमिकम्जोरसहित अलि अलि कुशल क्रिया गर्छ भने, त्यस्तैगरी नराम्रो प्रतिपत्तिले जिउँछ भने, जीन्दगी पनि नराम्रो छ भने, त्यो नराम्रो बानीले-भावले गर्दा गरेको कुशलको पुण्य फल पनि कम हुनेछ ।

कुनै पुण्य गर्छ भने त्यो गर्दा खेरी क्रमानुकुलव सोच विचार गरेर बुझेर गर्नुपर्छ । गुण धर्म पनि पुरा गर्दा खेरी सोच विचार गरेर बुझेर उत्साहले पुरा गर्नुपर्छ । कमिकम्जोर सहित पुण्य गर्छ भने, गुणधर्म पुरा गर्छ भने, त्यस पुण्यको अथवा कुशलको फल पनि कमिकम्जोर हुन्छ । प्रव्रजितहरूले यस बारेमा धेरै सोच विचार गर्नु पर्दछ भनी माथि उल्लेख निर्देशित गरेको छ ।

तथागत भगवान् बुद्धले गर्नु पर्ने सबै कामहरू राम्रो सँग क्रमानुकुल गर्नुपर्छ भनी भन्नुभएको छ । पुण्य कर्म भन्ने वित्तिकै संघ दान, कथिन दान – वृद्धाश्रम–विहार स्थान–आमाबुबाको उपस्थान–दु:खीको उपकार गर्ने–रोगीलाई उपस्थान गर्ने–अभय दान–आदि पुण्य क्रिया हुन् । तर पुण्यक्रियालाई बलियो बनाउन अरु धेरै अङ्ग पुरा गर्नुपर्ने हुन्छ । त्यस बारेमा हाम्रो मनमा त्यति रूचि नै भएको हुँदैन । त्यसमा रूचि नहुने हुँदा हामीहरूले गरेको पुण्यको फल (आनिशंस) कम हुने गर्दछ ।

कुनै क्रिया भएतापनि, गर्दाभन्दा राम्रोसँग नगर्ने हामीहरूको कमिकम्जोर हो । आफू आफूले गर्ने भन्ने पेशा खेती, कर्मान्त यातायात जे भएतापनि सबै कुराहरू समयअनुसार गर्नुपर्छ । यातायात–काम–बैठक–भेला हुने–मिल्ने भन्ने बेला समय–दिन नियम तोकेर त्यो दिनमै सम्पुर्ण गर्नुपर्छ । भनेको बेला काम नहुनु अकुशल क्रिया हो ।

दिन बिताउँदै नसोची काम गरिन्छ भने त्यो पनि एउटा क्रिया हो । अलि अलि कुशल कार्य गर्न छुटाउने मानिस पुन: यो संसारमा जन्मिदा वर्ण सम्पन्न भएर जन्मेतापनि देख्नेमा – सुन्नेमा कमजोर भएर अथवा हात खुट्टाका औंला कम अथवा धेरै हुन्छ । त्यस्तैगरी जहिले पनि टाउको दुख्ने रोग आदि जे भए पनि कायिक पिडाले जहिले पनि सताउने हुन्छ ।

आफू धनवान ज्ञानवान भई जन्मलिंदा पनि छोरा

छोरीहरूको प्रश्नले–गुरूहरूको प्रश्नले–चेला चेलीहरूको प्रश्नले कायिक मानसिक पीडाले भोग्नुपर्छ ।

हामीहरूले सोच्दै नसोची नसो झूठो विश्वास र कसम, असत्य बक्ने अनि जे गरे नि हुन्छ, जसो गरे नि हुन्छ भनी बेनियमतवरले कार्य गर्दा अकुशल परिणाम आउने हुन्छ यसरी कोही कोही अंगविकल्प–मन्दबुद्धिक–लठेउरो–लंगडो आदि विभिन्न रोगले सताउनेछ । यी सबै हामीहरूले पूर्व जन्ममा अवैधानिक, असंविधानात्मक र जे पायो त्यो अकुशल काम गरेको अनिष्ठ विपाकको फल हो भनेर राम्रोसँग सोचविचार गर्नुपर्छ ।

आफूले गर्ने काम सबै पेशा–गुरुसेवा–प्रव्रजित भाव–काम गर्ने व्यापार आदि जे भएतापनि राम्रो साथ समयबेलाअनुसार गर्नुपर्छ । खाना–पानी पनि खेरा गर्नु हुँदैन । पाप लाग्छ । जन्मजन्ममा आफूले दुःखले कमाएको धन समपत्ति आशारहित क्रमानुकूलरहित विनाश हुन्छ । त्यो विनाश भएको हामीहरूले धर्म राम्रोसँग नबुझेकोले नजानेकोले, कुशल अकुशलको पुण्य–पापको फल बार ेमा थाहा नपाएकोले हो । त्यो धर्मको कमजोरी होइन । त्यो हाम्रो कमजोरी हो भनेर बुज्झनुपर्छ । यी कुरा राम्रोसँग नबुझेको कारणले हामीहरू धेरै अकुशल क्रिया पाप क्रिया गर्छा, थुपार्छौं ।

जब हामी हाम्रो विचार तलब पाउने–पारिश्रमिक पाउने विभिन्न क्रियाकलापहरूबाट पुण्य पाइदैन भनी सोच्छौं भने त्यो एउटा गलत विश्वास हो । किनकि कुनै पनि काम गरेर हामीले तलब पाउँछौं भने त्यसबाट कति जना जिउँछ , जिउनेछ भने एउटा जीवन दान भयो । त्यस कारणले कुनै पनि काम गर्दा राम्रोसँग इमान्दारीसहित गर्नुपर्छ भनी भगवान् बुद्ध श्रावस्तीस्थित जेतवनाराममा बस्नुभएको बेला झारपात, रूख काटेको भिक्षुलाई यो गाथा देशना गर्नु भएको थियो । त्यो भिक्षुलाई काट्न सहयोग गर्ने अरू भिक्षुहरू पनि थिए । यसरी रूख काटी रहँदा अर्का भिक्षुहरूले त्यो भिक्षुलाई रूख काट्नु पाप हो भनी बताएको थिए । तर ती भिक्षुहरूले पाप हुँदैन भनेर बहस गर्दै काटिरहेको थिए । त्यो भिक्षुको बहसलाई स्वीकारी अनुमति दिने अरू भिक्षुहरू पनि थिए । त्यस कुराका विरूद्ध भएका अन्य भिक्षुहरू भगवान बुद्ध समक्ष यस कुराको बारेमा प्रार्थना गर्दा भगवान बुद्धले त्यहाँ गल्ती भएको स्वीकार्दै यस गाथा देशना गर्नु भएको र यो देशना सुनी ती भिक्षुहरू स्रोतापत्ति फलमा पुग्नुभएको थियो ।


# पालि-भाषा सिक्ने सुअवसर

यही आउादो चैत्र ६ गतेदेखि आनन्दकुटी विहार स्वयम्भूमा पालि भाषाको पढाइ सुरू हुन गइरहेको सहर्ष जानकारी गराउन चाहन्छु । यस कक्षामा सहभागी भइ अध्ययन गर्न इच्छुक महानुभावहरूले आनन्दकुटी विहार मा सर्म्पक गर्नुहोला ।

भिक्षु पियदस्सी
फोन: ४२७१४२०
मो.: ९८४१९३९०६४
९८०३७०७७३५

# भिक्षु ज्ञानपूर्णिक उपसम्पन्न स्वर्णदिवस मनाऔं



बुद्ध-जन्मभूमि नेपालमा भगवान् बुद्धका अमृत वचनहलाई गुञ्जायमान गरि राख्नका लागि धेरै व्यक्ति, संघ संस्थाहरुको निकै महत्वपूर्ण योगदान रहादै आइरहेको छ । आफ्नो सम्पूर्ण जीवन बुद्ध, बुद्धधर्म, बौद्ध शिक्षा र संस्कृतिको संरक्षण, संवर्द्धन एवं विकासमा समर्पण गर्नुभएका विशिष्ट व्यक्तिहरुलाई समाज तथा राष्ट्रले उचित पहिचान तथा सम्मान गर्नु आजको आवश्यकता हो । यसै परि प्रेक्षमा नेपालको बुद्धशासनिक कार्यमा विगत पााच दशकभन्दा लामो समयदेखि निकै सक्रिय र हादै थेरवाद बुद्धधर्मको क्षेत्रमा महत्वपूर्ण योगदान दिादै आइर हनुभएका श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न हुनुभएको ५० वर्ष पुगेको सुखद् उपलक्ष्यमा अखिल नेपाल भिक्षु महासंघसंगको सहकार्यमा निम्न उल्लेख्य तीनवटा उद्देश्यसहित सार्वजनिक रुपमा “भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवस समारोह”को आयोजना हुने भएको छ ।

१) नेपालमा बुद्धधर्मको क्षेत्रमा समर्पित व्यक्तित्व श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई अभिनन्दन गर्ने ।

२) बौद्ध मित्र राष्ट्र म्यानमार, श्रीलंका तथा थाइल्याण्डका विशिष्ट भिक्षुहरुलाई निमन्त्रणा गरी ती देशहरुसागको नेपालको सुमधुर दौत्यसम्बन्धलाई अझ प्रगाढ बनाउने ।

३) नेपालमा थेरवाद बुद्धधर्मसम्बन्धी जनजागरण ल्याउने तथा यस धर्मको संरक्षण, प्रवर्द्धन तथा विकासका लागि सहयोगको वातावरण जुटाउने ।

सार्वजनिक समारोहका लागि आयोजक समितिले मित्र राष्ट्र थाइलैण्ड, बर्मा तथा श्रीलंकाबाट सम्मानित उच्चस्तरीय व्यक्तित्वहरुको समुपस्थितिमा भव्य रुपमा कार्यक्रम गर्ने लक्ष्य लिएको छ । नेपालमा थेरवाद बुद्धशासनको पुनर्उदयकालदेखि नै धर्मको संरक्षण, विकास एवं प्रवर्द्धनमा ती मित्रर ाष्ट्रु तथा त्यहााका जनताहरुको उल्लेखनीय योगदान रहिआएको छ । अन्तर ाष्ट्रिय बौद्ध समुदायसाग सुमधुर धार्मिक सम्बन्ध गाास्दै नेपालको बुद्धशासनिकक्षेत्रमा आजीवन समर्पित श्रद्धेय अग्रज महास्थविरको व्यक्तित्व, कृतित्व तथा योगदानलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तवरबाट उचित सम्मानार्थ विविध बुद्धशासनिक क्रियाकलापसहित यही २०६५ चैत्र २२-२९ सम्म सप्ताहव्यापी कार्यक्रमको आयोजना हुनलागेको हामी सबैका लागि सुखकर विषय नै हो । यस ऐतिहासिक कार्यलाई सफल पार्न सम्बन्धित सबैको रचनात्मक सहयोगको अपेक्षा राखी निवर्तमान अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष आचार्य भिक्षु कुमार काश्यप महास्थविर

को प्रमुखतामा १०१ सदस्सीय “भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवस मूल समारोह समित” को गठन गरी आवश्यक कार्य भइरहेको छ ।

नेपालका ख्यातिप्राप्त धर्मप्रवचक धर्मगुरु, विपस्सना आचार्य र पाली भाषाका विज्ञ एवं बुद्धधर्मसम्बद्ध लेखन तथा अनुवाद विधामा सुपरिचित व्यक्तित्व उहाा श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूबाट हालसम्म नेपाली, अंग्रेजी तथा नेपाल भाषामा गरी ५० वटाभन्दा बढी कृतिहरु प्रकाशित भैसकेका छन् । स्मरणीय रहोस् विपश्यना विशोधन विन्यास, भारतको तर्फबाट प्रकाशित त्रिपिटक ग्रन्थमाला प्रकाशनमा पनि उहााको योगदान रहेको थियो । यसै गरी श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले विगत ५० वर्षदेखि नेपालमा स्थविरवाद बुद्धधर्मलाई जनमानसमा फिंजाउन तथा यसको निरन्तरता एवं स्थायीत्वका लागि परियत्ति, प्रतिपत्ति तथा पटिवेध शिक्षाको विकास, संरक्षण एवं संवर्द्धनमा जुन अमीट क्रियाशील योगदान दिनुभएको छ, त्यसैगरी उहााले मुख्यत: युवा पुस्तालाई बौद्ध सभ्यता, संस्कृति र दर्शनप्रति शिक्षित गर्ने जुन विशेष अभिरुचि राख्नुभएको छ ती यावत पक्षलाई उजागर गर्न “भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवस मूल समारोह समित” ले निम्नानुसार विशेष कार्यक्रम तय गरेको छ ।

१) अल्पकालिन उपसम्पदा प्रव्रज्या शिविर
विश्व शान्ति विहार,मिनभवन (२०६५ चैत्र २२ देखि ३० गते सम्म)

२) सात दिने संक्षिप्त त्रिपिटक संभ्रूायन पाठ
विश्व शान्ति विहार,मिनभवन (२०६५ चैत्र २३ देखि ३० गते सम्म)

३) विभिन्न धार्मिक ग्रन्थ, सचित्र जिवनी, डकुमेन्ट्री तथा विशेषांक स्मारिका प्रकाशन ।

४) ज्ञानमाला भजनको प्रस्तुति तथा विशेष प्रवचन
विश्व शान्ति विहार, मिनभवन ( दैनिक साझ ४:३० बजे देखि ६ बजे सम्म)

५) परियत्ति सन्निपात बृहद भेला ।
प्रज्ञा भवन, कमलादि

६) श्रीलंका, म्यानमार र थाइल्याण्डबाट सम्मानित उच्चस्तरिय व्यक्तित्वहरूको स्वागत ।

७) देश विदेशबाट पाहुनाहरूको आगमन ।

८) अभिनन्दन समारोह तथा दीप प्रज्वलन ।

बुद्धशासनिक व्यक्तित्व भिक्षु ज्ञानपूर्णिक महास्थविर को उल्लेख्य संक्षिप्त शब्दचित्रात्मक परिचय सम्बद्ध सबैले जानकारी पाउनु धार्मिक गर्वको विषय हुनेछ ।

➢ जन्म : वि.सं.१९९६ कार्त्तिक शुक्ल एकादशी ( इ.सं.१९३९ नवम्बर २१ ) पाल्पा, तानसेन

➢ गृहस्थी नाम : हिरालाल शाक्य

➢ पिता : सूर्यलाल शाक्य

➢ माता : चन्द्रमाया शाक्य

शिक्षादीक्षा

➢ “शील पाठशाला” तानसेन टक्सार, महाचैत्य विहारमा ४ कक्षाको अध्ययन । ११-१५ वर्ष सम्म भिक्षु बुद्धघोष महास्थविरको छत्रछाायामा बौद्ध शिक्षा र पालि भाषाको अध्ययन

➢ १६ वर्षको उमेरमा बर्मा (म्यान्मा:) गमन

➢ श्रामणेर दिक्षा ग्रहण : वि.सं.२०१३ श्रावण शुक्ल नवमी (इ.सं. १९५६ अगष्ट १५ तारिख)

➢ श्रामणेर नाम : सामणेर ञाणपुण्णिक (श्रामणेर ज्ञानपूर्णिक)

➢ उपसम्पदा (भिक्षुत्व) ग्रहण : वि.सं. २०१५ चैत्रशुक्ल चतुर्थी (इ.सं. १९५९ अप्रिल १२ तारिख)

➢ सासनधज धम्माचरिय उपाधि : इ.सं. १९६३, बर्माको सरकारी पालि विश्वविद्यालय

➢ इ.सं. १९६७ मा “वाराणसेय संस्कृत विश्व विद्यालय”, वाराणसीबाट संस्कृत विषयमा डिप्लोमा

➢ इ.सं. १९७७ मा बी.ए., नेपाल

योगदान

➢ “पालि बर्मेली विश्व शब्दकोष” निर्माण कार्यमा संलग्न : इ.सं. १९६४-१९६६, बर्मा

➢ इ.सं. १९७९-८२ सम्म West Midlands Buddhist Centre, Birmingham, England मा धार्मिक सेवा

➢इ.सं. १९७९ मा "शान्तिको लागि पाचौं एशियाली बौद्ध सम्मेलन (ABCP)" उलान् बातोर्, मंगोलियामा कार्यकारिणी सदस्यमा मनोनित ।

➢ इ.सं.१९८१ मा बर्माका विश्व प्रसिद्ध विपस्सना ध्यानगुरू अग्गमहापण्डित महाशी सयादोको धर्मदूत मण्डलमा भाषापरिवर्तक

➢ मणिमण्डप महाविहार (पाटन)को जीर्णोद्धार, ठेचोमा वेलुवनाराम विहारको स्थापना

➢ युवक बौद्ध मण्डल (YMBA)का संस्थापक अध्यक्ष

च इ.सं. १९८४ विश्व शान्ति विहार, (नयाा बानेश्वर ) को स्थापना

➢ इ.सं. १९८२-८३ मा Buddhist Temple, Nashville, Tennessee, USA मा विहार प्रमुखको रूपमा धार्मिक सेवा ।

➢अन्तरराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोलको स्थापनार्थ र निर्माणार्थ सक्रिय संलग्नता

➢नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापनाकालदेखि विभिन्न पदमा रही योगदान तथा वर्तमान सहशिक्षाध्यक्ष

➢ विश्व शान्ति बौद्ध शिक्षालयको स्थापना : वि.सं. २०५३

➢संरक्षक - कुटी विहार, कोटेश्वर, स्मारक कुण्ड विहार, कोटेश्वर, सन्ति सुखावास, चाकुपाट, शान्ति सन्देश स्मारिका

➢ Kota KinaBhalu Vipassana Meditation Centre, Malaysia को निर्माणमा प्रमुख भूमिका, ई.सं. २००८

कृतित्व

➢ प्रकाशित पुस्तकहरु : ५० वटाभन्दा बढी

➢ विभिन्न पत्रपत्रिकाहरुमा बुद्धधर्मसम्बन्धी लेखहरु

➢विपस्सना, अभिधर्म, परित्राण तथा विविध विषयका प्रवचन क्यासेट तथा सि.डि.

➢ श्रीलंका, बर्मा, थाइल्याण्ड, जापान, चीन, मलेशियामा आयोजित अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनहरुमा कार्यपत्रहरु प्रस्तुत

सम्मान

➢ नेपाल भाषाको साहित्यिक संस्था च्वसापासा:बाट श्रेष्ठ सिरपा:, ई.सं.१९७०

➢बर्मा सरकारबाट अग्गमहासद्धम्मजोतिकधज पदबाट विभूषित, ई.सं. २००१, मार्च

➢ बर्माको महाशी शासनयैता ध्यानकेन्द्रको तर्फबाट ओवादाचार्य एवं कम्मट्ठानाचार्य उपाधि

➢ नेपाल बौद्ध परियत्ति शिक्षाको रजतजयन्ती महोत्सवमा विशेष कदरपत्र प्रदान, वि.सं.२०४५

➢ निवर्तमान उपाध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ

➢ सदस्य - आनन्दकुटी विहार गुठी

➢ सल्लाहकार - धर्मोदय सभा, लुम्बिनी विकास कोष

➢ धर्मानुशासक - अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र-शंखमोल, युवक बौद्ध मण्डल-नेपाल, बौद्ध महिला संघ नेपाल, सुखी होतु नेपाल, अभिधम्म अध्ययन समाज, बुद्धिष्ट कम्यूनिकेशन सेन्टर-पाटन

➢ निर्देशक - आनन्द भूमि बौद्ध मासिक (वि.सं.२०६१-६३)

➢ नेपालमा ज्ञानमाला भजन खल: स्वयम्भूबाट र त्नवत सिरपा

➢ धर्मोदय सभाबाट धर्मोदय सम्मान एवं पुरस्कार

➢अखिल नेपाल भिक्षु महासंघको अगुवाइमा विभिन्न संघ-संस्थाहरूबाट संयुक्तरुपमा अभिनन्दन

➢ धर्मबहादुर धाख्वा कल्याण कोषबाट सिरपा:

भ्रमण

➢ भारत, चीन, इन्डोनेसिया, बर्मा, थाइल्याण्ड, श्रीलंका, मलेसिया, सिंगापुर, जापान, मंगोलिया, रुस, बेलायत, फ्रान्स लगायत यूरोपका विभिन्न मुलुकहरु, अमेरिका, अष्ट्रेलिया

■

बाल स्तम्भ

# नमो बुद्ध

मनिष महर्जन, यशोधरा परियत्ति केन्द्र, ठैना

नमो बुद्धको महत्व धेरै छ। वन्दना गर्न योग्य ठाउँ भएको हुनाले यस ठाउँलाई नमो बुद्ध भनिएको हो। उहिले यस ठाउँलाई पाञ्चाल राज्य भनिन्थ्यो। एक समयमा यो ठाउँ एउटा ढुङ्गामा अडिरहेको जङ्गल थियो। भगवान् बुद्धसहित १३०० जना भन्तेहरू सुरूमा स्वयम्भू र नाला हुँदै यस ठाउँ नमोबुद्धमा आएका थिए। त्यस्तै पुण्यवती नदी सहित तीन ओटा नदिले घेरिएको हुनाले पाञ्चाल राज्यलाई पछि गएर पनौति भन्न थालियो। त्यस्तै नेवारी भाषामा यस ठाउँलाई पल्वंचो पनि भनिन्छ। कुनै समय भगवान् बुद्ध विभिन्न ठाउँको भ्रमण गर्न जाँदा यस ठाउँमा पनि आएका थिए। त्यतिखेर उनले एउटा भग्नावशेस भएको चैत्य देखे। त्यो चैत्यलाई वन्दना गरे। यो देखेर भिक्षुहरूलाई आश्चर्य लाग्यो र बुद्धसाग प्रार्थना गरी यसको कारण सोध्नुभयो। त्यसपछि बुद्धले काश्यप बुद्धको पालामा यस ठाउँमा घटेको घटना प्रकाश पार्नुभयो, त्यो घटना यस नमोबुद्धसँग सम्बन्धित महत्वपूर्ण कथा मानिन्छ।

काश्यप बुद्धको पालामा यस ठाउँमा एक राजाले र ाज्य गर्दथ्यो। वहाँको नाम महारथ थियो। उहाँका तीन जना साह्रै राम्रा राजकुमार थिए। उनीहरू त्यस दरवार बाट कहिल्यै बाहिर गएका थिएनन्। उनीहरू ठूलो भएपछि वनविहार गर्न भनेर बनमा जान आफ्नो बुबासँग आग्रह गर्छन् तर राजा महारथले उनीहरूलाई त्यस्तो भयानक वनमा नजाउ भनेर भन्छन् तर उनीहरूले जिद्दी गरेरै वनमा जान आग्रह गर्छन्। आफ्ना प्यारा छोराहरूको कर ले गर्दा राजास्वयं र सैनिकहरूसहित आफ्ना छोराहरूसँग विभिन्न हातहतियारकासाथ वनविहार गर्न जान्छ। वनविहार कै सिलसिलमा थकाइमार्न बस्छन्। तर छोराहरू बुबाको आज्ञालिई यताउता वनमा घुम्न जान्छन्। बनमा राम्रा र ाम्रा जनावर, चराचुरुङ्गी, फलफूल आदि हेर्दाहेर्दै गुप्तवन भित्र पुग्छन्। यता राजाले आफ्नो छोराहरूलाई खोज्न थाल्छन् र घर गए होला भनेर घरतिर लाग्दछन्। उता र ाजकुमारहरू रमाइलो गर्दागर्दै दिन गएको पत्तो पाउँदैनन् र राति त्यहीं बास बस्छन्। भोलिपल्ट रमाइलो गर्दै बाटो खोज्दै गर्दा उनीहरूले एउटा बाघिनी र तिनका पाँच डमरू देख्छन्। सबैभन्दा कान्छो भाई महासत्वले दाइहरूलाई यसको प्राण बचाउन के गर्नुपर्छ भनेर सोध्छन् र दाइहरूले प्राण बचाउन मासु खुवाउनुपर्छ भन्ने वित्तिकै राजकुमार महासत्वले मनमनै आफ्नो प्राणत्याग गरेर भएपनि ती प्राणीलाई बचाउने निर्णय लिन्छ। यसरी केही पर जाँदा दाईहरूलाई "आमाको लागि लिएको फूल त्यहिँ छोडेछु" भनेर झूटो बोलेर आफूमात्र हातहतियार छोडेर त्यस बाघिनी भएको ठाउँमा पुगेर कुनै दु:ख नमानी आफूले आफूलाई सम्झाएर दान पारमिता पुरा गर्न आफूले नै आफ्नो मासु काटेर त्यस बाघिनीलाई र डमरुहरूलाई खुवाइदिन्छ र अन्त्यमा त्यस बाघिनीले झम्टेर आक्रमण गर्छ र हाडहरू मात्र बााकि हुनेगरी सबै मासु खाएर र ाजकुमार महासत्वलाई आशीर्वाद दिएर त्यहाँबाट आफ्नो बाटो लाग्छ। यता दुई दाईहरू भाई नआएको कारणले भाईलाई खोज्न बाघिनी भएको ठाउँमा आउँदा र हाडहरू मात्र देख्दा साह्रै दु:ख मानेर रुन थाल्छन्।

उता राजा रानी आफ्ना छोरालाई खोज्न भनेर आउँदा र राजकुमारहरू रोइरहेको आवाज सुन्दा र घटना भएकै ठाउँमा राजा रानी आइपुग्छन्। यसरी सबै घटना र ाजकुमारहरूले आफ्नो बुवाआमालाई भन्छन् र सबै जना रुन थाल्छन्। राजाले त्यस सप्तरत्नमय भुवनेश्वर हाडलाई लिएर दु:ख मान्दै यस चैत्यको निर्माण गर्छ। यसरी यस चैत्य बोधिसत्व महासत्वको सप्तरत्नमय भूवनेश्वर हाडबाट बनाएकोले भगवान् बुद्धले समेत वन्दना गर्नुपर्ने भएकोले यस ठाउँलाई नमोबुद्ध भनेर चिनिन्छ।

# Dolendra Ratna Shakya
# A Prolific Writer

-Harischandra Lal Singh

I am very happy to note here that I came to know Dolendra Ratna Shakya though belatedly. He is an accomplished and gifted Buddhist writer. Of course, Mrs. Roshani Shakya, a writer and practitioner of Vipassana meditation and who also worked with me, had mentioned his name way back in 1998 when I was chief Editor of the Buddhist magazine The Himalayan Voice. She gave me a poem penned by Dolendra Ratna Shakya for publication in this magazine. It might be my mistake then not to find the poem worth printing in this research-oriented magazine published in Tibetan, Nepali and English languages from 1997 to 2001.

A few months back Bhikshu Bodhijnana presented me a copy of the book entitled Jijnansuka Lagi Buddha Shikshya written by Dolendra Ratna. I kept it in the book shelf without turning over the pages of the book. I keep busy reading and writing about Buddhism most of the times. One fine morning at about 3 AM., I happened to read the above mentioned book. I found that this was the book I was looking for since the past few years. This incident roused curiosity about Dolendra Ratna. I gave a telephone call to him for appointment. He readily agreed to give me time for meeting him. My principal aim in meeting him is to request him to provide a few copies of the above- mentioned book for distribution to some relatives of mine who are working in the United States and who are in need of advice and guidance to find peace and solace in life.

I met him and informed my intention. Though he is not in good health, I found him most compassionate and friendly. He gave some books for my own reading and some copies of books for distribution. This meeting proved a blessing in disguise for me. Although I have read a lot about Theravada, Mahayana and Vajrayana Buddhism, by reading the books by Dolendra Ratna, I found that my knowledge of Buddhism is, to say the least, incomplete. I realised that my knowledge of Buddhism based on my reading of books by foreign authors is not well-grounded.



He has so far written about twently one books in Nepali and Nepal Bhasha which have greatly to do with the basics of Buddhism and which help the people liberate from the bondage of suffering. Presently I am talking about his books Samata Dharmako Palana, Vipassana Dhyana Sadhana, Bujddhakalin 12 Sannariharu, Dharmako Dharma, Vimukti Rasa and Jijnasuka Lagi Buddha Shikshya. Written in simple and readable language, all the above books are worth reading and worth preserving for everyday use. To those who wish to learn about Buddhist philosophy, these books are certainly valuable. Some of these books are translations from the books of renowned foreign Buddhist writers.

Dolendra Ratna has adopted an objective and analytical approach in his treatment of materials of Buddhist philosophy, teachings and literature. Thus, his writings are related to the real problems of the people, Buddhist or otherwise, and aim at providing solutions to those problems. Many Nepalese people like to think in Buddhist ways and live like a Buddhist monk. But how to do this is a challenge. In my view, the writings of Dolendra Ratna are a helpful guide for meeting

this challenge. The traditional concept as well as the practice of Buddhism is more or less confined to the continuation of Mahayana and Vajrayana rituals and beliefs which consisted in the worship of Buddhist divinities, recitation of sacred Buddhist texts, the use of mantras, etc. Modern concept as well as practice is different. It lays emphasis on knowing oneself by the practice of meditation, Vipassana or other kinds of meditation, and to seek and to lead a purer and blameless life through the understanding as well as practice of the fundamental teachings of the Buddha such as the Four Noble Truths, the Eightfold Noble Path and Nirvana. The writings of Dolendra Ratna aim at emphasizing the modern concept as well as practice of Buddhism.

In his comment on the book Jijnasuka Lagi Buddha Shikshya (Buddha Dharma for learners) Bhikshu Dharmagupta Mahasthavir has rightly said that Dolendra Ratna Shakya is an ideal upasaka who, being himself an unfailing practitioner of Vipassana meditation, is ever effortful in the task of providing the rasa (essence) of religion to the people by writing many books. Looking at his great faith and devotion to Buddha Dharma, it reminds me of upasakas and upasikas of Thailand who meditated in the jungles.

I agree with this view and wish to read other books written by him.

# बौद्ध गतिविधि

## आनन्दकुटी विहारमा बुद्धपूजा सम्पन्न

माघ २७, काठमाडौं

पौष पूर्णिमाको अवसरमा आनन्दकुटी विहारमा बुद्धपूजा, धर्मदेशना सम्पन्न भयो । विहार प्रमुख आचार्य भिक्षु कुमार काश्यप महास्थविरले बुद्धपूजा तथा पञ्चशील प्रदान गर्नुभएको उक्त कार्यक्रममा श्रीलंकाबाट अध्ययन गरेर फर्किनुभएका श्रामणेर समित धर्मदेशना भएको थियो ।

## चरिकोटमा बुद्धमूर्ति स्थापना

माघ ५

थेच्वस्थित वेलुवनाराम विहार र स्वयम्भू बुद्धधर्म न्ह्ज्यायेनु पुच:को संयुक्त आयोजनामा भिक्षु उत्तम र कृष्णगोपाल डंगोलको संयोजकत्वमा १२० उपासकोपासिकाहरूले दोल्खा चरिकोटको बुद्धप्रतिमा निहित गुम्बामा भगवान् बुद्धको मूर्ति प्रतिस्थापन गरेको छ । सो मूर्तिको लागत ६० हजार रहेको र रकम आयोजकको तर्फबाट १७ हजार, दि. लक्ष्मी देवी महर्जनबाट ८,६५०, राष्ट्रिय खेलाडी गंगाराम महर्जनबाट २,०००, बेखा बहादुर महर्जनबाट १,३००, भाइलाल महर्जनबाट १,१२०, तथा नपुग सम्पूर्ण रकम हिराकाजी महर्जन र शान्ति महर्जनबाट उपलब्ध भएको थियो ।

## आयु संस्कार परित्याग दिवस मनाइयो

माघ २७

भोजपुर टक्सार शाक्य समाजको आयोजनामा समाजका सदस्य सुश्री शान्ति लक्ष्मी शाक्यको विशालनगर स्थित निवासमा आयु संस्कार परित्याग दिवस आयोजना गरियो । उक्त अवस्थामा ज्ञानमाला भजनसहित बुद्धपूजा एवं परित्राण पाठ गरिएको थियो । साथै समाजका वरिष्ठ सल्लाहकार खड्ग राज शाक्यले वैशाख पूर्णिमाको महत्व तथा माघ पूर्णिमा (सी पुन्ही) को बारे मन्तव्य ब्यक्तगर्नुभयो । यसरी नै समाजका अग्रज सल्लाहकार दि. हेमबहादुर शाक्यको पुण्यतिथि समेत परेको कारण दिवंगत ज्ञातिबन्धुहरुको निर्वाण कामना गरी पुण्यानुमोदन गरि यो ।

## बाल ध्यान शिविर सम्पन्न

फागुन ३

परियत्तिसंगसंगै पटिपत्तिको अभ्यास गराउने उद्देश्यराखी आनन्दकुटी विहार स्वयम्भूमा स्थापित अमृत बौद्ध परियत्तिको आयोजनामा एक दिवशीय बाल आनापना ध्यान शिविर सम्पन्न भएको छ । बाल ध्यान शिविरमा नेपाल विपश्यना ध्यान केन्द्रबाट आउनुभएका बाल ध्यानाचार्यले शिविर संचालन गर्नुभएको थियो । कुल १४० जान बाल बालिकाहरूको सहभागिता रहेको उक्त शिविरमा अमृत बौद्ध परियत्तिका विद्यार्थीहरूलगाएत मातातीर्थ बौद्ध परियत्ति, जेतवन बौद्ध परियत्ति, बौद्ध शान्तिबौद्ध परियत्ति बुलु, सुप्रिम स्कुल तथा मैत्री स्कुलका विद्यार्थीहरूको सहभागिता रहेको थियो । शिविरमा साधकसाधिका तथा परियत्तिका विद्यार्थीहरूले स्वयम् सेवा गरेका थिए ।

## बौद्ध सुझाव समन्वय समिति

फागुन १०

भावी नेपालको संविधानमा नेपालका सबै बौद्ध संप्रदायले खेल्नुपर्ने भूमिकावारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सामूहिक भेलामा भिक्षु, लामा भिक्षु, विभिन्न बौद्ध विद्वानउपासक, उपासिकाहरू र पत्रकारहरूले राय प्रकट गरेका छन् ।

अन्तर्क्रियापछि सभासद् भिक्षु आनन्द तथा खेन्पोछिमे छिङ्गिर ंग लामाको प्रमुख संयोजकत्वमा संविधान निर्माणमा बौद्ध सुभाव समन्वय तथा सुझाव समिति २०६५ गठन गरिएको छ । लुम्बिनी विकास कोष, गुम्बा व्यवस्थापन तथा विकास कोष, बौद्ध क्षेत्र विकास समितिलाई सल्लाहकारमा राखिएको सो समितिको उपसंयोजक लामा थुब्तेन जिग्दोल (फुपु छेम्बे शेर्पा), सहसंयोजकहरूमा भिक्षु धर्ममूर्ति, खेन्पोग्युर्मे छुल्टिम लामा, अधिवक्ता राजेन्द्रमान वज्राचार्य हुनुहुन्छ । समितिले सुझाव तथा प्रश्नावली तय गरी जनमानसमा जाने कुरा कार्यक्रम संयोजक विजयरत्न तुलाधरले बताउनु भएको छ ।

## बौद्ध स्थल भ्रमण

फागुन १० बुलु

विभिन्न धार्मिक स्थल तथा विभिन्न भन्तेहरूलाई दर्शन गर्ने उद्देश्यले बौद्ध शान्ति विहार बुलु, चापागाउँका उपासक उपासिकाहरू तथा परियत्ति विद्यार्थीहरूले आनन्दकुटी विहार, स्वयम्भू चैत्य र सुमंगल विहारको भ्रमण गरेका छन् ।

भम्रणमा यस विहारका ३९ जना उपासक उपासिकाहरुको सहभागिता रहेको थियो । सहभागी उपासक उपासिकाहरूबीच

आनन्दकुटी विहारका प्रमुख भिक्षु कुमारकाश्यप महास्थविरको अस्वस्थता कारण भिक्षु अस्सजिले बुद्धपूजा, पञ्चशील प्रदान गर्नुका साथै धर्मदेशना गर्नुभएको थियो । सोही दिन बौद्ध शान्ति विहारबाट भोजन प्रदान गरिएको थियो । सबैको भोजन पश्चात् भिक्षु अस्सजि, सामणेर बुद्धपियो, सामणेर धम्मघोससहितको सहभागितामा स्वयम्भू चैत्य, बुद्धप्रतिमालगायतका स्थानहरूको परिक्रमा र सो स्थानको बारेमा विविध ज्ञान हासिल गरेका थिए ।

सोहि दिन उक्त टोलीले नेपालका संघमहानायक भिक्षु बुद्धघोष महास्थविरसंग भेट गर्ने मौका प्राप्त गरेको थियो । भ्रमण कार्यक्रमको समाप्त पश्चात् बुलुमा सामणेर बुद्धपियोले कार्यक्रमको समीक्षा गर्नुभयो ।

### भिक्षु धममूर्तिलाई मातृशोक

फागुन २२

मेत्ता सेन्टरका अध्यक्ष, अखिल नेपाल भिक्षु महा संघका सचिव, आनन्दकुटी विहार गुठीका सचिव, आनन्द भूमि बौद्ध मासिकका सल्लाहका र भिक्षु धममूर्तिका ममतामयी माता कान्छी नकर्मी उपासिका ८० वर्षको उमेरमा आफ्नै निवास मैतीदेवीमा देहवसान हुनुभयो । विभिन्न बुद्धधर्मसम्बन्धी पुस्तकहरू प्रकाशन गर्न सहयोग गर्नुहुने दिवंगत उपासिकाका श्रीमान् हीराला नकर्मी उपासक, ३ छोरा तथा ४ छोरीहरु छन् ।

### विराटनगरमा महापरित्राण

माघ १८, विराटनगर

विराट बौद्ध संघ विराटनगरको आयोजनामा भिक्षु महासंघको सहभागितामा देशमा शान्ति, सुव्यवस्था होस् भन्ने उद्देश्य राखी महापरित्राण पाठको कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रमा भाग लिन भिक्षु महासंघ काठमाण्डुबाट भिक्षु धम्मसोभन महास्थविर सहित १९ जना भिक्षु तथा श्रामणेरहरु जानुभएको थियो । पूर्वाञ्चलको विर्तामोड, उर्लावा री, धरान आदि ठाउँका विहार हरूबाट उपासक उपासिकाहरूले सो धार्मिक कार्यक्रममा भाए लिएका थिए ।

कार्यक्रमअनुसार महापरित्राण पाठको पूर्वान्ह माघ १७ गते विहान स्थानीय संसारी माईस्थानबाट शान्ति पदयात्रा शुरुभई बजार परिक्रमा गरी बुद्ध विहार विराटनगरको प्राङ्गणमा पुगी विसर्जन हुनुको लगतै भिक्षु महासंघका अग्रज धम्मसोभन महास्थविर बाट पञ्चशील प्रदान गर्नुभई बुद्धपूजा एवं धर्मदेशना गर्नुभएको थियो । त्यस्तै अन्य वक्ताहरूले पनि आ-आफ्नो मन्तव्य र ाख्नुभएको थियो ।

### सुर्खेतमा क्षेत्रीय बौद्ध सम्मेलन सम्पन्न

माघ २५

धर्मोदय सभाको मध्य-पश्चिमाञ्चल क्षेत्रीय बौद्ध सम्मेलन भव्यताकासाथ वीरेन्द्रनगर, सुर्खेतमा सम्माननीय संविधान सभाका अध्यक्ष सुवास नेम्वांगको प्रमुख आतिथ्यत्वमा सम्पन्न भयो । सुर्खेतको महत्त्वपूर्ण, ऐतिहासिक कांक्रेविहार पुन:निर्माणको थालनी चांडै हुनेमा पनि विश्वास व्यक्त गर्नुहुंदै देशमा दिगो शान्ति तथा विकासको लागि संविधान सभाद्वा रानयां संविधान लेख्ने कार्यमा सबैबाट सहयोगको अपेक्षा गरेको बताउनुभयो ।

मूल बजारमा भेला भई तमाम जनजाति बौद्ध समुदायहरू आ-आफ्नो बाय्नरसहित शान्तिपदयात्रामा सहभागी भएर टुंडिखेलमा सभामा परिणत भएको सो उक्त सभा केन्द्रीय वरिष्ठ उपाध्यक्ष लक्ष्मीदास मानन्धरको सभापतित्वमा सम्पन्न भयो । सोही सभामा विभिन्न सांस्कृतिक संघसंस्थाहरूले बौद्ध जागरण गीत, नृत्य आदि प्रस्तुत गरियो । सुर्खेत नगर निवासी जेष्ठ नागरिकहरूलाई दोसल्ला ओढाई उपहा रसहितबाट सम्मान गरिएको थियो । सम्मेलनमा धर्मोदय सभाका केन्द्रीय महासचिव सुचित्रमान शाक्यले सुर्खेत सम्मेलनको उद्देश्य बारे बोल्नु भएको थियो भने सम्मेलनले निम्नानुसार ४ बुंदे घोषणापत्र जारी गरेको छ ।

१) मध्यपश्चिमाञ्चल क्षेत्रका बौद्ध आदिवासी जनजातिको बौद्ध जगतमा सक्रियता अभिवृद्धिको लागि यथाशक्य प्रयास गर्ने ।

२) धर्मनि रपेक्षताको आसयअनुरूप बौद्धभ जगतमा धर्मनि रपेक्षताको प्रचा रप्रसा र एवं धर्मनि र पेक्षताको नीतिलाई दिगो राख्न अग्रसर रहने ।

३) आगामी २०६८ सालमा हुने राष्ट्रिय जनगणनामा बौद्धहरूले बुद्धधर्म नै आफ्नो धर्म भनी आफ्नो जाति र भाषासहित तथ्यांक फाराममा किटेर लेख्ने

अनुकूलता सिर्जना गर्ने ।

४) सुर्खेतमा रहेको कांक्रेविहार भग्नावशेषको रूपमा रहेकोलाई यथाशीघ्र विहारकै रूपमा पुन: निर्माण एवं संरक्षणको लागि पहल गर्ने ।

सुर्खेत नगरपालिकाको सभाकक्षमा डा.केशवमान शाक्य (लुम्बिनी विकास कोषका वर्तमान उपाध्यक्षले मध्य र सुदूर पश्चिमाञ्चलमा बुद्धधर्मको विकासविषयक कार्यपत्र प्रस्तुत गर्नुभयो भने स्थानीय जीवन शाक्यले टिप्पणी गर्नुभयो । कार्यक्रममा मध्य पश्चिमाञ्चल क्षेत्र, धर्मोदय सभा सुर्खेत शाखाका अध्यक्ष बालकृष्ण मानन्धर सम्मेलनका संयोजक, केन्द्रीय उपाध्यक्ष माननीय इन्द्रबहादु र गुरूंगले मन्तव्य दिनुभयो ।